का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ असोज २०८३
शनिबार
3 October 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २५४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ‘माथिको आदेश’ मान्दा आफ्नै साख गुमाउँदै

## पक्राउ र रिहाइको शृंखलाले प्रहरीमाथि प्रश्न




उच्चपदस्थ व्यक्ति पक्राउ पर्ने र केही समयमै छुट्ने शृंखला बढेपछि नेपाल प्रहरीको निर्णय क्षमता र राजनीतिक नेतृत्वसँगको सम्बन्धमाथि प्रश्न उठेको छ । कानुनअनुसार अनुसन्धान अघि बढाउने कि सत्ताको निर्देशनमा तत्काल कदम चाल्ने भन्ने बहस पछिल्ला घटनाले फेरि सतहमा ल्याएको छ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ असोज

गत असोज १० गते मध्यराति पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई नेपाल प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले महाराजगन्जस्थित निवासबाट नियन्त्रणमा लियो । पक्राउ गरेको करिब १२ घण्टा नबित्दै प्रहरीले उनलाई छाड्यो। उनलाई पक्राउ पुर्जीबिनै र अकारण पक्राउ गरिएको भन्दै प्रश्न उठ्यो।

जबरालाई पक्राउ गर्ने विषय गृहमन्त्री सुधन गुरुङलाई समेत जानकारी नभएको उनीनिकट स्रोतको दाबी छ। विवादास्पद विगत र महाअभियोगको मुद्दा टुंगिएको अवस्थामा प्रधानमन्त्रीको सचिवालयको निर्देशनमा जबरा पक्राउ परेको दाबी सार्वजनिक भएपछि घटनाले थप राजनीतिक तथा कानुनी बहस निम्त्यायो। राष्ट्रिय मानवअधिकार आयोगले समेत यस घटनालाई विशेष चासोका साथ हेरेको थियो । प्रहरीले भने उनको पक्राउमा ‘सुरक्षा संवेदनशीलता’ कारण देखाएको थियो ।

जबराको पक्राउ र तत्काल रिहाइ पछिल्लो समय नेपाल प्रहरीले उच्चपदस्थ व्यक्तिमाथि गरेको कारबाहीको एउटा प्रतिनिधि घटना बनेको छ । नयाँ सरकार गठन भएको ६ महिनाको अवधिमा उच्च राजनीतिक तथा प्रशासनिक तहका व्यक्ति पक्राउ पर्ने र छोटो समयमै अदालत वा अनुसन्धान प्रक्रियाबाट छुट्ने घटनाले प्रहरीको कार्यशैली, अनुसन्धानको आधार र राजनीतिक नेतृत्वसँगको सम्बन्धबारे प्रश्न उठाएको छ।

पक्राउपछि अदालतबाट छुट्ने क्रम

गत चैत १४ गते पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई जरुरी पक्राउ पुर्जी दिएर नियन्त्रणमा लिइयो । गृहमन्त्री सुधन गुरुङको निर्देशनमा सरकार गठन भएको भोलिपल्टै पक्राउ गरिएका उनीहरू १३ दिनपछि रिहा भए । प्रहरीले बलियो कानुनी अभियोग र प्रमाण पेस गर्न नसकेपछि अदालतको आदेशमा उनीहरू हिरासतमुक्त भएको विवरण सार्वजनिक भएको थियो।

अघिल्लो वर्ष भदौ २३ गते भएको ‘जेनजी प्रदर्शन’का क्रममा अत्यधिक बल प्रयोग गरी प्रदर्शनकारी मारिएको घटनामा दोषी ठहर गर्दै गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले फौजदारी मुद्दामा अनुसन्धान गर्न सिफारिस गरेको थियो । रास्वपा सरकारमा आएपछि वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले उक्त सिफारिस कार्यान्वयन गर्ने निर्णय गरेको थियो। त्यसलगत्तै प्रहरीले पर्याप्त प्रमाणबिनै आदेशका आधारमा पृष्ठ २ मा



सरकार बनेको पहिलो दिनबाटै प्रहरीले गरेका शृंखलाबद्ध गिरफ्तारीले प्रहरी प्रशासन सत्ताले गरेका स्टन्टको हतियार बनेको देखिन्छ । विधिको शासनबाहिर गएर कसैको स्वतन्त्रतामाथि खेलबाड गरिएको छ ।’

**दिनेश त्रिपाठी**
वरिष्ठ अधिवक्ता



प्रहरीको काम राज्य सञ्चालकहरूको निर्देशन पालना गर्ने त हो तर, पक्राउमा यथेष्ट प्रमाण जुटाउनैपर्छ ।

**रमेश खरेल**
पूर्वडिआइजी

## मौखिक आदेश कि कानुनी आधार ?

यी घटना प्रतिनिधिमूलक मात्रै भएको वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीको भनाइ छ । उनका अनुसार रास्वपा नेतृत्वको सरकार बनेपछिको ६ महिनामा विभिन्न क्षेत्रका २० भन्दा बढी उच्चपदस्थ व्यक्तिलाई पक्राउ गरिएको छ। तीमध्ये अधिकांश पक्राउ स्वेच्छाचारी ढंगले भएको उनको दाबी छ। ‘सस्तो प्रचारबाजीका लागि कसैको स्वतन्त्रतामाथि खेलबाड गर्न पाइँदैन,’ उनले मध्यान्हसँग भने, ‘प्रहरीले सरकारको औजारका रूपमा काम गरेको देखिन्छ। कानुनी आधार र प्रमाणबिना प्रहरीले नियन्त्रणमा लिनु विधिको शासन होइन ।’

जबराको पक्राउले प्रहरी संगठनको विश्वसनीयतामै प्रश्न उठाएको त्रिपाठीको दाबी छ । बालेन सत्तामा आएपछि पक्राउ परेकामाथि कारबाही अघि बढ्न नसकेका घटनाले निर्देशन दिने सरकार र पालना गर्ने प्रहरी दुवै निकायमाथि प्रश्न उब्जाएको अधिकारकर्मी तथा अपराध अनुसन्धान अधिकारीको भनाइ छ । ‘प्रहरीले अहिलेसम्म गरेका सबै गिरफ्तारी एउटै प्याटर्नमा देखियो । सरकार बनेको पहिलो दिनबाटै शृंखलाबद्ध रूपमा गरिएका सबै गिरफ्तारमा प्रहरी प्रशासन सत्ताले गरेका स्टन्टको हतियार बन्न पुगेको देखिन्छ,’ त्रिपाठीले भने ।

तर प्रहरीमाथि राजनीतिक नेतृत्वको निर्देशन पालना गर्नुपर्ने जिम्मेवारीसमेत रहेको पूर्वडिआइजी रमेश खरेल बताउँछन्। उनका अनुसार निर्देशन पालना गर्नु र कानुनी आधारबिना पृष्ठ २ मा

भोटेकोशी बाढी

# एक महिनासम्म टुंगो लागेन पुनर्वास

भोटेकोशी बाढी आएको एक महिना बित्दा पनि रसुवा, नुवाकोट र धादिङका प्रभावितको पुनर्वास टुंगिएको छैन । कतिपय विस्थापित अझै होल्डिङ सेन्टर र आफन्तको आश्रयमा छन् । सरकारले घरभाडाका लागि मासिक १५ हजार दिने तयारी गरे पनि स्थायी आवास निर्माणमा थप समय लाग्ने देखिएको छ ।



| भदौ १० को कहर | |
|---|---|
| प्रारम्भिक कुल क्षति | : ४ खर्ब ८ अर्ब |
| पुनर्स्थापना तथा पुनर्निर्माण लागत अनुमान | : ७ खर्ब २३ अर्ब |
| क्षति पुगेका घर | : ७,५७० |
| प्रत्यक्ष प्रभावित | : ३२,९६३ जना |

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १६ असोज

रसुवाको भोटेकोशी नदीमा बाढी आएको एक महिना बितिसक्दा पनि प्रभावितको पुनर्वास प्रक्रिया अन्योलमै छ। गत भदौ १० गतेको बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठुलो मानवीय तथा भौतिक क्षति पुऱ्याए पनि प्रभावित क्षेत्र अझै पूर्ण रूपमा सामान्य अवस्थामा फर्किन सकेका छैनन् ।

बाढीले घर, सडक, पुल, जलविद्युत् आयोजना, व्यापारिक संरचना, कृषि भूमि तथा अन्य पूर्वाधारमा क्षति पुऱ्याएको थियो। कतिपय संरचना अझै भग्नावशेषकै अवस्थामा छन् । विस्थापित परिवारमध्ये केही थातथलो छाडेर काठमाडौंको एल्लो गुम्बालगायत स्थानमा आफन्तको आश्रयमा बसिरहेका छन् ।

नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीका अनुसार, बाढी तथा पहिरो प्रभावित परिवारको विवरण संकलन अन्तिम चरणमा पुगेको छ । सरकारले अस्थायी बसोबासका लागि घरभाडामा बस्न चाहने प्रभावित परिवारलाई मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने तयारी गरेको उनले बताए ।

‘सरकारले अस्थायी बसोबासका लागि घरभाडा लिन चाहने प्रभावित परिवारलाई प्रतिमहिना १५ हजार रुपैयाँ उपलब्ध गराउने तयारी गरेको छ,’ उनले भने, ‘सम्बन्धित स्थानीय तहले प्रभावित परिवारको विवरण संकलन गरी सकेपछि घरभाडाबापतको रकम उपलब्ध गराइने तयारी छ।’ तर दसैंअघि सबै प्रभावितको बसोबास व्यवस्थापन पूरा हुने अवस्था छैन । घरभाडामा बस्न चाहनेले विवरण संकलनपछि रकम पाउने भए पनि अस्थायी र स्थायी आवास निर्माण तथा व्यवस्थापनमा थप समय लाग्ने देखिएको छ । घरभाडामा बस्न नचाहने प्रभावितका लागि सरकारले अस्थायी आवासको व्यवस्था गर्ने र त्यसपछि स्थायी पुनर्स्थापनातर्फ लैजाने तयारी गरेको रेग्मीले बताए । ‘दसैंअघि नै बाढीप्रभावितहरूको पर्नवासका लागि सम्भव छैन,’ उनले भने, ‘दसैं नजिकै आइसक्यो तर पुनर्वासको काम धेरै नै बाँकी छ ।’

बाढीपछि नुवाकोटका चार स्थानीय तहमा मात्रै एक हजार ९५५ परिवारको आवासमा क्षति पुगेको प्रारम्भिक तथ्यांक छ। विदुर नगरपालिकामा मात्रै एक हजार ६७८ परिवारको आवासमा क्षति पुगेको जनाइएको छ। प्रभावितलाई लामो समय होल्डिङ सेन्टर वा टेन्टमा राखिरहनुको सट्टा भाडाको कोठामा स्थानान्तरण गर्ने नीति सरकारले अघि सारेको छ। विदुर नगरपालिकाले बस्नयोग्य घर नभएका प्रभावित परिवारलाई कोठा भाडामा लिएर बस्न प्रतिपरिवार मासिक पृष्ठ २ मा

# भारतमा विपक्षी दलको प्रदर्शन चर्कियो

## जन्तरमन्तरबाट सात सय पक्राउ

भारतमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा र मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआइआर) प्रक्रिया रोक्न माग गर्दै प्रदर्शन चर्किएको छ । दिल्ली, मुम्बईसहित विभिन्न सहरमा प्रदर्शन भएका छन् । दिल्लीमा प्रहरीले जन्तरमन्तरबाट सात सयभन्दा धेरै प्रदर्शनकारीलाई नियन्त्रणमा लिएको छ ।

**काठमाडौं/मस–** भारतमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग्दै शुक्रबार विभिन्न सहरमा प्रदर्शन भएको छ । मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआइआर) अभियान रोक्नुपर्ने मागसमेत प्रदर्शनकारीले अघि सारेका छन् ।

बिबिसी हिन्दीका अनुसार दिल्ली, मुम्बई र अन्य सहरमा प्रदर्शनका लागि विद्यार्थी संगठन, आमआदमी पार्टी (आप), सामाजिक संगठन तथा ककोच जनता पार्टी (सिजेपी)ले आह्वान गरेका थिए । दिल्लीमा प्रदर्शनका लागि जन्तरमन्तरमा भेला हुन प्रहरीले अनुमति दिएको थिएन । त्यस क्षेत्रमा ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन गर्नुका साथै निषेधाज्ञासमेत लागू गरिएको थियो । त्यसका बाबजुद जन्तरमन्तर पुग्ने प्रयास गरेका विपक्षी दलका सयौं नेता तथा कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

नियन्त्रणमा लिइएकामा राष्ट्रिय जनता दलका राज्यसभा सांसद मनोज झा, दिल्लीकी पूर्वमुख्यमन्त्री आतिशी, आमआदमी पार्टीका नेता तथा पूर्वमन्त्री सौरभ भारद्वाज र सांसद सञ्जय सिंह छन् । पृष्ठ २ मा



एपी/रासस

वैदेशिक रोजगार विशेष

# कांग्रेस महाधिवेशनमा होमिए तीन दर्जन व्यवसायी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य निर्वाचित हुन नेपाली कांग्रेसपक्षधर वैदेशिक रोजगार व्यवसायी सक्रिय देखिएका छन्।

वैदेशिक रोजगार विभागका पूर्वमहानिर्देशक सूर्यबहादुर क्षेत्रीसहित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा आबद्ध करिब दुई दर्जन व्यवसायी महाधिवेशन प्रतिनिधि छनोट भइसकेका छन्। प्रतिनिधि छनोटको पालिका तहको निर्वाचन परिणाम आइतबार बिहानसम्म आउने अनुमान छ । यसअघि १४औं महाधिवेशनमा करिब तीन दर्जन व्यवसायी नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यका हैसियतमा सहभागी भएका थिए ।

शुभेच्छुक संस्थाको हैसियतमा रहेको एसोसिएसनले महाधिवेशनमा पठाउने प्रतिनिधिबारे निर्णय गरिसकेको छैन। केही समयअघि एसोसिएसनको निर्वाचित कार्यसमिति पार्टी सभापति गगन थापा तथा उपसभापति विश्वप्रकाश शर्मासँग भेटघाटमा जाँदा शुभेच्छुक संस्थाले ७ जना प्रतिनिधि पठाउन सक्ने जानकारी पाएका थिए । पृष्ठ २ मा

## प्रथम उपाध्यक्ष बस्नेत सद्भावना दूतका रूपमा सम्मानित



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष महेशकुमार बस्नेत युनिभर्सल पिस फाउन्डेसनको सद्भावना दूतका रूपमा चयन भएका छन् । वैदेशिक रोजगार व्यवसायी तथा श्रम क्षेत्रको जिम्मेवार भूमिकासँगै शान्ति, सद्भाव र सामाजिक उत्तरदायित्वका क्षेत्रमा उल्लेख्य पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१७ असोज २०८३ शनिबार
3 October 2026 Saturday

### नेपाली कांग्रेस १५औं महाधिवेशन

# शीर्ष नेताले सम्बोधन गर्ने, आचारसंहितामा कडाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनको तयारी पूरा भएको छ । देशभरबाट प्रतिनिधिहरू काठमाडौं आउने क्रम सुरु भइसकेको छ । १८ असोजमा उद्घाटन हुने महाधिवेशनपूर्वका सबै तयारी पूरा भइसकेको कांग्रेसले जनाएको छ ।

महाधिवेशन उद्घाटन खुलामञ्चमा गरिनेछ भने राष्ट्रिय सभा र भृकुटीमण्डपस्थित हल तथा पार्कसमेत चार दिनसम्म कांग्रेसले उपयोग गर्नेछ । देशभरका १६५ निर्वाचन क्षेत्रबाट ३३ जनाका दरले महाधिवेशन प्रतिनिधि आउने व्यवस्थाअनुसार सबै क्षेत्रको निर्वाचन सम्पन्न भइसकेको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । त्यस्तै भ्रातृ तथा शुभेच्छुक संस्था, विदेशस्थित जनसम्पर्क समिति र पार्टी केन्द्रीय समितिले मनोनयन गर्नेसमेत गरी करिब सात हजार महाधिवेशन प्रतिनिधि हुने निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले बताए ।

निर्वाचनका लागि उम्मेदवारहरूले असोज १९ गते सोमबार मनोनयनपत्र दर्ता गर्ने कार्यतालिका छ । महाधिवेशन उद्घाटन सत्रमा शुभकामना दिनका लागि कांग्रेसले सबै राजनीतिक दलहरूलाई निम्ता दिइसकेको छ । महाधिवेशनलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय अतिथिहरूले सम्बोधन गर्ने पक्का भएको छ । सत्तारूढ दल रास्वपाका सभापति रवि लामिछानेसहित अन्य दलका शीर्ष नेताहरूले सम्बोधन गर्ने तय भएको छ । महाधिवेशनमा एमाले अध्यक्ष केपी शर्मा ओली, नेपाली






कम्युनिस्ट पार्टी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले सम्बोधन गर्ने तय भएको प्रवक्ता देवराज चालिसेले बताए ।

उनका अनुसार राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत, श्रम संस्कृति पार्टीका महासचिव आरेन राई र राष्ट्रिय जनमोर्चाका अध्यक्षका तर्फबाट कार्यवाहक महासचिव घनश्याम पौडेल उद्घाटन समारोहमा सहभागी हुने निश्चित भएको छ ।

अन्तर्राष्ट्रिय अतिथिहरूमा सोसलिस्ट इन्टरनेसनलकी कार्यकारी संयोजक चन्ताल काम्बिवा महाधिवेशनमा सहभागी हुन नेपाल आइसकेको उनले बताए । अन्तर ाष्ट्रिय अतिथिहरूको सहभागिता सुनिश्चित हुने क्रम जारी रहेको उनले बताए ।

**आचारसंहितामा कडाइ**

कांग्रेसले महाधिवेशन विभिन्न पदमा उम्मेदवार हुनेहरूलाई कडा आचारसंहितामा बनाएको छ । राष्ट्रिय संवेदना र वातावरणीय पक्षलाई ध्यानमा राख्दै कडा आचारसंहिता बनाएको केन्द्रीय निर्वाचन समितिको सदस्यसचिव राजु कटुवालले बताए । उम्मेदवारको आचार संहितामा तडकभडक र भड्किलो प्रचारप्रसारमा पूर्ण रोक लगाएको छ । त्यस्तै प्रिन्ट तथा भौतिक प्रचार सामग्रीमा पूर्ण रूपमा बन्द गर्ने नियम छ ।

महाधिवेशनस्थल बाहिर प्रचार-प्रसार गर्न नपाइने र डिजिटल तथा प्रविधिमैत्री प्रचारप्रसार मात्र अनुमति दिने कांग्रेसले आचारसंहिता बनाएको हो । आचारसंहिताको पूर्ण पालना गरी विपद्को घडीमा देश र जनताप्रतिको दायित्व बोध गर्दै १५औं महाधिवेशनलाई अनुशासित, मर्यादित र भव्य रूपमा सम्पन्न गराउन सम्पूर्ण नेता, कार्यकर्ता, उम्मेदवार तथा शुभेच्छुकलाई अपिल गरेको छ । निर्वाचन आचारसंहिताको उल्लंघन भएमा नियमानुसार कारबाही हुने चेतावनीसमेत दिएको छ ।

विपद्पछिको परिस्थितिलाई सम्मान गर्दै महाधिवेशनलाई मर्यादित, मितव्ययी र अनुशासित बनाउन जुनसुकै प्रकारका भड्किला प्रचार अभियानलाई पूर्ण रूपमा निषेध गरिएको पार्टी प्रवक्ता चालिसेले बताए । महाधिवेशनस्थल तथा आसपासका कुनै पनि क्षेत्रमा फ्लेक्स, ब्यानर, पोस्टर, पम्प्लेट वा अन्य कुनै पनि प्रकारका प्रिन्टेड प्रचार सामग्री राख्न, टाँस्न वा वितरण गर्न पूर्ण रूपमा निषेध गरिएको छ । महाधिवेशनस्थलको बाहिरी परिसर, सार्वजनिक सडक वा आसपासका क्षेत्रमा कुनै पनि प्रकृतिका भौतिक प्रचार सामग्री राख्न वा प्रदर्शन गर्नसमेत सख्त मनाही गरिएको छ । त्यस्तै, उम्मेदवारले आफ्ना एजेन्डा र उम्मेदवारीसम्बन्धी विवरण केवल डिजिटल माध्यम (सामाजिक सञ्जाल, अनलाइन तथा अन्य विद्युतीय माध्यम)बाट मात्र सम्प्रेषण गर्नेगरी आचारसंहिता निर्माण गरिएको निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले जानकारी दिए ।

# ‘अनावश्यक उजुरबाजुरले इमानदार राष्ट्रसेवकले पनि निर्णय गर्न छाडे’

**काठमाडौं/मस-** मुख्यसचिव गोविन्दबहादुर कार्कीले निर्णय गर्दा जोखिम लिन नचाहने कर्मचारीतन्त्रको प्रवृत्तिले विकास निर्माण र लगानीको वातावरण प्रभावित भइरहेको बताएका छन् ।

शुक्रबार पूर्वाधार विकास मन्त्रालयले आयोजना गरेको ‘नेपाल पूर्वाधार सम्मेलन २०२६ सम्बन्धी लगानी र विकासका लागि कानुनी सुधार’ विषयक कार्यशालामा बोल्दै उनले असल नियतले निर्णय गर्ने कर्मचारीसमेत उजुरी परेपछि आफ्नो निर्णयको उद्देश्य प्रमाणित गर्न नसक्दा कारबाहीमा पर्ने अवस्थाले जोखिम नलिने प्रवृत्ति बढाएको बताए ।

कर्मचारीतन्त्रमा देखिएको यस्तो प्रवृत्तिले विकास निर्माणसँगै समग्र राज्य सञ्चालन प्रभावित भएको उनको भनाइ थियो। कानुन निर्माण तथा संशोधन गर्दा असल



नियतले काम गर्ने राष्ट्रसेवकलाई अनावश्यक जोखिममा पर्ने अवस्था अन्त्य गर्नुपर्ने उनले बताए ।

ऐन,कानुन तथा नीति तर्जुमा र संशोधन गर्दा कर्मचारीको निर्णय क्षमतासँगै विकास, सेवाग्राही र निजी क्षेत्रको दृष्टिकोणलाई पनि समेट्नुपर्नेमा उनले जोड दिए ।

सरकार, निजी क्षेत्र, निर्माण व्यवसायी र जनताबीच आवश्यक सहकार्य, साझेदारी, समन्वय र विश्वासको वातावरण बन्न नसक्दा विकास निर्माणमा समस्या देखिएको उनले बताए । कर्मचारीतन्त्रमा जोखिम लिन नसक्ने प्रवृत्ति रहेको र जोखिम लिएर असल नियतले गरिएको निर्णयसमेत पछि प्रश्नको घेरामा पर्ने अवस्थाले समस्या थपिएको उनको भनाइ थियो ।

कार्कीले कर्मचारीतन्त्रमा ‘हामी नै जान्ने हौं’ भन्ने मानसिकता रहेको र सेवाग्राही, निजी क्षेत्र तथा विकासको दृष्टिकोणबाट हेर्ने अभ्यास कमजोर हुँदा सरोकारवालाको विश्वास जित्न नसकिएको बताए ।

लगानी र पूर्वाधार विकाससँग सम्बन्धित ऐन, कानुन, नीति तथा निर्देशिका संशोधनका लागि सरकार र निजी क्षेत्र एकै ठाउँमा बसेर छलफल तथा समन्वय गर्दै अघि बढ्नुपर्नेमा उनले जोड दिए ।

# श्रमिक कल्याणकारी कोष स्थापनार्थ कतारमा गुन्जिँदै लेकाली ब्यान्ड

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १६ असोज

श्रमिक कल्याणकारी कोष स्थापनार्थ गण्डकी प्रदेश समन्वय परिषद् कतारको आयोजनामा आगामी नोभेम्बर ६ तारिख शुक्रवार कतारमा सांगीतिक कार्यक्रम हुने भएको छ । अलवकिरस्थित डिपिएस मोनार्क स्कुलको हलमा हुने कार्यक्रममा पोखराको चर्चित लेकाली ब्यान्डले विशेष सांगीतिक प्रस्तुति दिने भएको हो ।

दसैं, तिहार, नेपाल संवत् तथा छठ पर्वको अवसरसमेत जोडेर आयोजना गर्न लागिएको कार्यक्रममा कतारमा कार्यरत नेपाली श्रमिक तथा नेपाली समुदायको सहभागिता रहनेछ । कार्यक्रमबाट संकलित रकम श्रमिक कल्याणकारी कोष स्थापनाका साथै सामाजिक क्षेत्रमा आवश्यक सहयोगमा परिचालन गर्ने उद्देश्य रहेको परिषद्ले जनाएको छ ।

पोखरेली लोक-पप संगीतको पहिचान बोकेको लेकाली ब्यान्ड विसं २०५२ मा स्थापना भएको हो । ब्यान्डले विसं २०५४ मा पहिलो एल्बम ‘यो मुटुमा’ सार्वजनिक गरेपछि नेपाली संगीतप्रेमीमाझ आफ्नो छुट्टै पहिचान बनाएको थियो । ‘यो मुटुमा’, ‘वनमा कस्तुरी’, ‘पहिलो नजर’, ‘सपनीमा’, ‘कहाँबाट’ लगायतका गीत लेकालीका



चर्चित सिर्जनाका रूपमा रहेका छन् । पछिल्लो समय पनि ब्यान्डले नयाँ सिर्जनासँगै पुराना लोकप्रिय गीतलाई विभिन्न सांगीतिक मञ्चमार्फत स्रोता-दर्शकमाझ पुर्‍याउँदै आएको छ ।

कार्यक्रमको तयारीबारे बिहीबार साँझ कतारको ग्रान्ड मलस्थित संसारा रेस्टुरेन्टमा आयोजित पत्रकार सम्मेलनमा आर्थिक संयोजक अर्जुन संग्रौलाले कार्यक्रमका लागि करिब ४५ हजार कतारी रियाल खर्च हुने जानकारी दिए । परिषद्का उपाध्यक्ष कल्याण थापाले लेकालीको सांगीतिक प्रस्तुतिमार्फत नेपाली समुदायलाई मनोरञ्जनसँगै श्रमिक कल्याणकारी कोष स्थापनाको अभियानमा जोड्ने उद्देश्य रहेको बताए ।

कार्यक्रमका लागि विभिन्न तहका प्रायोजन खुला गरिएको छ । मुख्य प्रायोजकका लागि आठ हजार, सह प्रायोजक छ हजार, प्लाटिनम पाँच हजार, डायमन्ड तीन हजार, गोल्ड एक हजार पाँच सय, सिल्भर एक हजार तथा ब्यानर र अन्य प्रायोजनका लागि पाँच सय कतारी रियाल तोकिएको छ । भिक्टोरिया गोल्ड एन्ड डायमन्ड मुख्य प्रायोजक रहने आयोजकले जनाएको छ । पत्रकार सम्मेलनमा कतारस्थित नेपाली संघसंस्थाका प्रतिनिधि तथा पत्रकारले कार्यक्रमको उद्देश्य, आर्थिक व्यवस्थापन र समुदायको सहभागिताबारे सुझाव दिएका थिए ।

परिषद्का महासचिव मनप्रसाद राना मगरले सहजीकरण गरेको पत्रकार सम्मेलनको अध्यक्षता परिषद्का अध्यक्ष नन्दलाल बि.क. ‘अजय’ले गरेका थिए । आयोजकले कतारमा रहेका नेपाली संघसंस्था, व्यवसायी, श्रमिक तथा सम्पूर्ण नेपाली समुदायलाई कार्यक्रममा सहभागी भई सांगीतिक मनोरञ्जनसँगै श्रमिक कल्याणकारी कोष स्थापनाको अभियानमा सहयोग गर्न आग्रह गरेको छ ।

# कृष्णभिरको पहिरो एलपिजी ग्यास आपूर्तिको मुख्य अवरोध : मन्त्री साह

**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले कृष्णभीरको पहिरो एलपीजी ग्यास आपूर्ति प्रणालीको मुख्य अवरोधका रूपमा पहिचान भएको बताएका छन् ।

शुक्रबार सिंहदरबारमा बसेको राष्ट्रियसभा, विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा मन्त्री साहले उक्त अवरोध हटाउन जनशक्ति र मेसिनरी परिचालन बढाइएको र ग्यास आपूर्ति सहज बन्दै गएको बताए ।

उनले ग्यास अभाव समाधानका लागि आयातदेखि उपभोक्ताको भान्सासम्मको आपूर्ति प्रक्रियामा रहेका समस्या पहिचान गरी काम भइरहेको बताए। मन्त्रालयले ग्यासको लोडिङ, ढुवानी, भण्डारण, रिफिलिङ र वितरणसँगै मागको भौगोलिक



असन्तुलन, बजार व्यवस्थापन तथा सुरक्षाका पक्षसमेत विश्लेषण गरिरहेको उनले बताए ।

‘लोडिङदेखि ढुवानी, भण्डारण, रिफिलिङ, वितरण, डिलर हुँदै उपभोक्ताको भान्सासम्म सम्पूर्ण सप्लाई चेनलाई एउटै प्रणालीको रूपमा हेरेका छौं,’ उनले भने ।

मन्त्री साहले पदभार ग्रहण गरेलगत्तै आपूर्ति समस्याको प्राविधिक विश्लेषण गर्न ‘फिसबोन डायाग्राम’ र ‘क्रिटिकल पाथ मेथड’ प्रयोग गरेको बताए । सोही विश्लेषणबाट कृष्णभीरको पहिरो महत्वपूर्ण अवरोधका रूपमा पहिचान भएपछि सडक खुलाउन दोब्बर जनशक्ति र मेसिनरी परिचालन गरिएको उनले बताए ।

ग्यास अभाव समाधानका लागि तत्काल राहत, मध्यम अवधिमा प्रणाली सुधार र दीर्घकालीन ऊर्जा सुरक्षालाई आधार बनाएर काम भइरहेको उनले बताए । तत्काल नागरिकलाई ग्यास उपलब्ध गराउने विषयमा सरकार गम्भीर रहेको भन्दै उनले भण्डारण क्षमता विस्तार, बोटलिङ तथा वितरण क्षमता वृद्धि र आपत्कालीन मौज्दातको व्यवस्थाका लागि सरोकारवालासँग छलफल भइरहेको जानकारी दिए ।

बैठकमा मन्त्री साहले दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति र मूल्य नियन्त्रण पनि सरकारको प्राथमिकतामा रहेको बताए। बजार अनुगमनलाई स्वच्छ प्रतिस्पर्धा र उपभोक्ता अधिकार संरक्षणको साधनका रूपमा अघि बढाइने उनले बताए ।

चाडबाडका समयमा बजार अनुगमनमा कडाइ गरिएको उल्लेख गर्दै उनले उपभोक्ताको हितविपरीत काम गर्ने व्यवसायीलाई कानुनअनुसार कारबाही गरिने बताए ।

**सुरक्षा निकायका आउटलेटबाट पनि ग्यास बिक्रीको तयारी**

यसैबीच, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव रुद्रसिंह तामाङले सुरक्षा निकायका आउटलेटबाट पनि खाना पकाउने ग्यास (एलपीजी) बिक्री वितरण गर्ने तयारी भइरहेको बताएका छन् ।

विकास, आर्थिक मामिला तथा सुशासन समितिले आयोजना गरेको ‘दैनिक उपभोग्य वस्तुहरूको सहज आपूर्ति व्यवस्थापन र अनुगमन’ विषयक कार्यक्रममा सचिव तामाङले ग्यास वितरणमा असहज अवस्था आए सुरक्षा निकायबाट समेत वितरण गर्न सकिने गरी व्यवस्था मिलाउन लागिएको बताए ।

‘अहिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलगायतका सुरक्षा निकायले पेट्रोलियम पदार्थको बिक्री वितरण गर्दै आइरहेका छन्,’ उनले भने, ‘सुरक्षा निकायको आउटलेटबाट पनि ग्यास वितरण गर्न सकेको खण्डमा धेरै सहज हुनेछ ।’

सचिव तामाङले पेट्रोल बिक्री गर्ने सुरक्षा निकायका आउटलेटमा ग्यासका पनि कम्तीमा एक-दुईवटा आउटलेट राख्न सके आपत्का बेला सहज हुने गरी आवश्यक तयारी भइरहेको बताए ।

**माथिका...**

पक्राउ गरेको आरोप लागेको थियो । सोही कारण सर्वोच्चको आदेशबाट उनीहरू रिहा भए । ओली-लेखक पक्राउ प्रकरणमा सरकार र प्रहरी प्रशासनको कमजोरी देखिएको सुरक्षा तथा अनुसन्धान विज्ञहरूले टिप्पणी गरेका छन् ।

नेपाली कांग्रेसका नेता तथा पूर्वऊर्जामन्त्री दीपक खड्कालाई पनि सम्पत्ति शुद्धीकरणको मुद्दा र नेपाल स्काउटको जग्गा हिनामिनाको आरोपमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको थियो । जेनजी आन्दोलनका क्रममा खड्काको घरमा आगजनी हुँदा ठुलो मात्रामा नेपाली र विदेशी नोट जलेका थिए । सार्वजनिक भएका फोटो तथा भिडियोका आधारमा सम्पत्ति शुद्धीकरण विभागले अनुसन्धान थालेको थियो । तर, अन्ततः अदालतको आदेशमा उनी रिहा भए । कानुनी रूपमा बलियो प्रमाण स्थापित नभएकाले उनलाई धरौटीमा छाड्न अदालतले आदेश दिएको थियो ।

पक्राउ र रिहाइको यस्तै क्रम उपराष्ट्रपति कार्यालयका सचिव कृष्णहरि पुष्करको हकमा पनि देखिएको थियो । गत जेठ २१ गते प्रहरीले उनलाई नियन्त्रणमा लिएर करिब सात घण्टा केरकारपछि छाडेको थियो । प्रधानमन्त्री शाहलाई व्यक्तिगत सन्देश पठाएको विषयमा केरकारमा परेका उनलाई सचिवको जिम्मेवारीबाट अलग गरी जगेडामा राखिएको थियो । उनी असार २४ मा अवकाश भइसकेका छन् ।

पूर्वप्रधानन्यायाधीश जबराको पक्राउ र रिहाइलाई पनि यही शृंखलाको अर्को घटनाका रूपमा हेरिएको छ । त्यसअघि पक्राउ गरिएका कतिपय घटनाको प्रकृति पनि उस्तै रहेको विज्ञहरूको भनाइ छ ।

अघिल्ला सरकारका पालामा रोकिएका अनुसन्धानका फाइल अघि बढाएर धमाधम कारबाही गर्ने बताएको सरकारले पक्राउ गरेका बिचौलिया दीपक भट्टबाहेक अधिकांश व्यापारी कैफियत नभेटिएपछि छुटेको विवरण पनि सार्वजनिक भएको छ ।

एक सातापछि पक्राउको शृंखला रोकेको सरकारले पछिल्लो समय मेडिकल व्यवसायी एवं ‘राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल’का संयोजक दुर्गा प्रसाईंलाई पटक-पटक पक्राउ गर्दै छाड्दै आएको थियो । प्रसाईंले आफूविरुद्ध सरकारले कुनै कारण र प्रमाणबिना प्रतिशोधपूर्ण व्यवहार गरेको दाबी गर्दै आएका छन् । असोज ४ गते पक्राउ परेका राजनीतिक विश्लेषक भरत दाहालसमेत अदालतको परमादेशबाट छुटिसकेका छन् ।

**मौखिक...**

पक्राउ गर्नु फरक विषय हो । ‘प्रहरीले मुलुकको कानुन, पक्राउ गर्ने व्यक्तिको अवस्था, तथ्य प्रमाणहरू पर्याप्त छ कि छैन भन्ने कुराको विश्लेषण गर्ने र आदेशपालकहरूलाई बुझाउने काम पनि गर्न सक्नुपर्छ,’ उनले मध्यान्हसँग भने, ‘प्रहरीको काम राज्य सञ्चालकको निर्देशन पालन गर्ने त हो तर, पक्राउमा यथेष्ट प्रमाण जुटाउनैपर्छ ।’

खरेलका अनुसार ठोस कानुनी प्रमाण स्थापित हुन नसक्दा अदालत वा अनुसन्धान प्रक्रियाबाट पक्राउ परेका व्यक्ति सहजै छुट्ने वा धरौटीमा बाहिरिने अवस्था आउँछ । कतिपय अवस्थामा राजनीतिक पहुँचका आधारमा शक्तिशालीहरू छुट्ने वा छुटाउने काम विगतमा पनि हुँदै आएको उनले बताए । ‘सरकारको मौखिक आदेशमा नेपाल प्रहरीले बिनाप्रमाण र बिनापक्राउ पुर्जी पक्राउ गर्ने शृंखला कच्चा काम हो,’ उनले भने ।

**अनुसन्धानको कमजोरी कि राजनीतिक दबाब ?**

पछिल्लो समय पक्राउ गरिएका हाईप्रोफाइल नेता, व्यवसायी तथा पूर्वअधिकारी छुट्नुका पछाडि कानुनी, प्राविधिक र राजनीतिक कारण रहेको विज्ञहरूको भनाइ छ ।

नेपाल प्रहरीका पूर्वआइजिपी सर्वेन्द्र खनालका अनुसार राजनीतिक व्यक्तिको मौखिक आदेशका भरमा बलियो प्रमाण नपुर्‍याई पक्राउ गर्दा यस्तो अवस्था आएको हो । पुर्पक्षका लागि थुनामा राख्नुपर्ने कानुनी आधार नदेखिनु र हदम्यादसम्बन्धी कानुनी बन्देजका कारण पनि अदालतले रिहाइको आदेश दिने गरेको उनको भनाइ छ ।

यसले एउटा महत्त्वपूर्ण प्रश्न उठाएको छ- प्रहरी राजनीतिक नेतृत्वको निर्देशनमा चल्ने निकाय हो कि कानुनअनुसार स्वतन्त्र रूपमा अनुसन्धान गर्ने व्यावसायिक संगठन ?

राज्य सञ्चालनमा सरकारको निर्देशन पालना गर्नु प्रहरीको दायित्व हो । तर व्यक्तिको स्वतन्त्रतामाथि प्रत्यक्ष असर पर्ने पक्राउजस्तो संवेदनशील कदममा कानुनी आधार, प्रमाण र प्रक्रियाको पालना गर्नुपर्ने दायित्व पनि प्रहरीकै हो । यही दुई जिम्मेवारीबीचको सन्तुलन पछिल्ला घटनामा कमजोर देखिएको विज्ञहरूको टिप्पणी छ ।

वरिष्ठ अधिवक्ता त्रिपाठीका अनुसार सरकारले कुनै व्यक्तिलाई गिरफ्तार गर्नुअघि पर्याप्त कारण र प्रमाणका आधारमा निर्णय गर्नुपर्छ । प्रमाणमा आधारित अनुसन्धानमा सरकार चुकेको उनको दाबी छ । ‘यो सरकारले सस्तो प्रचारबाजीका लागि प्रमाणबिना नै पक्राउ गर्ने र छाड्ने काम गरिरहेको छ । यो स्वेच्छाचारी पक्राउ हो,’ उनले भने ।

**एक महिनासम्म...**

१० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो । हाल नुवाकोटका होल्डिङ सेन्टरमा करिब दुई सयजनाले आश्रय लिइरहेका छन् । केही प्रभावित आफन्त तथा अन्य स्थानमा बसिरहेका छन् भने केहीले अझै कोठा भाडामा लिएर बस्ने प्रक्रिया पूरा गर्न बाँकी रहेको रेग्मीले बताए ।

बाढीप्रभावितको पछिल्लो यकिन संख्या संकलन भइरहेको छ । नुवाकोटमा २६ जना अझै बेपत्ता रहेको प्रारम्भिक विवरण छ । जिल्ला प्रशासन कार्यालयलगायत सम्बन्धित निकायबाट प्राप्त विवरण अद्यावधिक गर्ने काम भइरहेको छ ।

**रसुवामा पुनर्वासको तयारी**

रसुवामा भने पुनर्वास कार्यक्रम चाँडै सुरु गर्ने तयारी भइरहेको प्रजिअ कमलप्रसाद पाण्डेले बताए । त्यसका लागि सम्बन्धित सिफारिस समितिमा पेस गरिएको उनले जानकारी दिए । उनका अनुसार होल्डिङ सेन्टरमा बस्ने प्रभावितले आफ्नो इच्छाअनुसार जति समय पनि बस्न सक्ने व्यवस्था छ । होल्डिङ सेन्टरमा बस्ने मानिसको संख्या भने घटिरहेको छ । ‘बाढीप्रभावित क्षेत्रमा बस्न नचाहनेहरू काठमाडौंका कोठा भाडा लिएर आफूअनुकुल बस्न थालेका छन्,’ पाण्डेले भने ।

सरकारको प्रारम्भिक क्षति तथा आवश्यकता मूल्यांकनअनुसार बाढीबाट चार खर्ब आठ अर्ब रुपैयाँभन्दा बढीको क्षति तथा आर्थिक नोक्सानी भएको अनुमान छ । पुनस्र्थापना तथा पुनर्निर्माणका लागि भने सात खर्ब २३ अर्ब रुपैयाँभन्दा बढी आवश्यक पर्ने प्रारम्भिक आकलन गरिएको छ ।

सरकारी प्रारम्भिक मूल्यांकनअनुसार करिब सात हजार ५७० घरमा क्षति पुगेको छ भने पाँच जिल्लाका करिब ३२ हजार ९६३ मानिस प्रत्यक्ष प्रभावित भएका छन् । संघीय सरकारले स्थायी आवास निर्माण नभएसम्म आवास भाडा तथा आवश्यक खर्चका लागि चार सदस्यसम्मको परिवारलाई मासिक १५ हजार रुपैयाँ र चारजनाभन्दा बढी सदस्य भए थप प्रत्येक सदस्यका लागि दुई हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था गरेको छ । आवास भाडामा बस्न नचाहने परिवारका लागि अस्थायी आवासको विकल्पसमेत अघि सारिएको छ ।

**भारतमा...**

अखिल भारतीय विद्यार्थी संघ (आइसा)की नेता नेहा बोरा तथा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)का महासचिव एमए बेबीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

समाचार एजेन्सीहरूलाई उद्धृत गर्दै राससले जनाएअनुसार, जन्तरमन्तर आसपासबाट सयौं प्रदर्शनकारीलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ । वामपन्थी विद्यार्थी संगठन आइसा, एसएफआई, सिपिएम र सिपिआईका नेता तथा कार्यकर्ता बिहानै जन्तरमन्तर पुग्न थालेका थिए ।

दिल्ली प्रहरीले भने सार्वजनिक सुरक्षा, कानुन व्यवस्था र यातायात व्यवस्थापनका लागि निषेधाज्ञा जारी गरिएको जनाएको छ । अनुमति नलिई भेला हुने, जुलुस निकाल्ने, प्रदर्शन तथा नाराबाजी गर्न रोक लगाइएको प्रहरीले बताएको छ । यसैबीच, मुम्बईमा कक्रोच जनता पार्टीले ‘जेल भरो आन्दोलन’ थालेको छ । पार्टीले शुक्रबार साँझ शिवाजी पार्कमा मानिसलाई भेला हुन आह्वान गरेको थियो । त्यहाँ मानिस जम्मा हुन थालेका थिए र प्रदर्शनकारीले नाराबाजी गरेका थिए ।

प्रदर्शनकारीले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामासँगै एसआइआर प्रक्रिया रोक्न माग गरेका छन् । निर्वाचन आयोगले मतदाता सूची पुनरावलोकनका क्रममा अघि बढाएको एसआइआर प्रक्रियालाई लिएर विपक्षी दल, विद्यार्थी संगठन तथा सामाजिक अभियन्ताले यसअघि पनि आपत्ति जनाउँदै आएका थिए ।

आमआदमी पार्टीकी नेता आतिशीले प्रदर्शनअघि मताधिकारको संरक्षणका लागि मानिसलाई जन्तरमन्तर पुग्न आह्वान गरेकी थिइन् । उनका अनुसार मतदाता सूची र निर्वाचन प्रक्रियासँग जोडिएका विषयले नागरिकको मतदान अधिकारमा प्रत्यक्ष असर पार्न सक्छ ।

यसैगरी, वरिष्ठ अधिवक्ता तथा सामाजिक अभियन्ता प्रशान्त भूषणले सामाजिक सञ्जालमा दिल्लीमा प्रदर्शन रोक्न ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको र यातायातसमेत प्रभावित भएको दाबी गरेका छन् ।

गान्धी जयन्तीका दिन भएको प्रदर्शनमा दिल्लीसहित मुम्बई, पटनालगायत सहरमा समेत विरोध कार्यक्रम भएका छन् । प्रदर्शनको मुख्य केन्द्र भने निर्वाचन आयोगको कामकारबाही, मतदाता सूची र एसआइआर प्रक्रिया बनेको छ । **एजेन्सीहरूको सहयोगमा**

**कांग्रेस...**

तर, यसअघि ३ जना प्रतिनिधि पठाउन पाउने व्यवस्था गरेको नेपाली कांग्रेसले शुक्रबारसम्म प्रतिनिधि पठाउने चिठ्ठी शुभेच्छुक संस्थाहरूलाई दिएको छैन । ३ जना पक्का भए पनि ५ जना पाउने हो वा ७ जना पाउने हो भन्ने अनिश्चित भएकाले कुनै निर्णय नगरिएको बताइएको छ । एसोसिएसनका कार्यवाहक अध्यक्ष सुवर्ण लामाले प्रतिनिधि पठाउने गृहकार्यमा रहेको र पार्टीले संख्या तोकेपछि निर्णय गरिने जानकारी दिए ।

हालसम्म एसोसिएसनका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट (कास्की), पूर्वअध्यक्ष किरण किशोर घिमिरे (दाङ), दीपक थापा (काठमाडौं), नवराज केसी (खोटाङ), सुवास गिरी (सर्लाही), रविन मेघाले मगर (धनकुटा), राजेश गौतम (काभ्रे)सहित ११ जना महाधिवेशन प्रतिनिधिका रूपमा निर्वाचित भइसकेका छन् ।

जंगबहादुर इजम (ताप्लेजुङ), नरेश छहरी मगर जनजातितर्फ, देवेन्द्र लुइँटेल, महमद जबार दिन मियाँ (मुन्ना) मुस्लिमतर्फबाट तथा नगेन्द्र पोखरेल (नवीन) झापाबाट उम्मेदवार रहेको बताएका छन् । त्यस्तै, विनोदजंग केसी, प्रज्ञान न्यौपाने (दाङ), मचिन्द्रनाथ शेर्मा (झापा), सचिन शेर्मा र शेरबहादुर गुर्मछान ‘शेरु’ (महोत्तरी), यामप्रसाद श्रेष्ठ (नवलपुर), विष्णु सुवेदी, शालिकराम अधिकारी, शिवप्रसाद चालिसे, हर्कबहादुर लिम्बुलगायतले प्रतिस्पर्धा गरिरहेको बताएका छन् ।

नेपाली कांग्रेसको १५औं महाधिवेशन असोज १८ गते उद्घाटन हुनेछ भने १९ र २० गते बन्द सत्र तथा २१ र २२ गते निर्वाचन गराउने तयारी छ ।

**प्रथम...**

काम गरेको योगदानको कदरस्वरूप ग्लोवल राइजिंग ग्रुपका अध्यक्षसमेत रहेकी व्यवसायी बस्नेतलाई उक्त सम्मान गरिएको हो । प्रथम उपाध्यक्ष बस्नेतले शान्तिपूर्ण समाज निर्माणका लागि सभ्य र असल नागरिकका रूपमा सकेको सकारात्मक काम गर्नु आफ्नो जिम्मेवारी रहेको बताए । संघका अध्यक्ष डिकबहादुर खत्री ‘कुमार’ले उक्त सम्मानले व्यवसायी बस्नेतको योगदानलाई थप उचाइ प्रदान गर्ने विश्वास लिएको बताए ।

संगीत

# हार्मोनियमभित्र सुर खोज्दै विमल



● भावना पाठक

*हार्मोनियम बाहिरबाट हेर्दा काठको एउटा बाकसजस्तो देखिन्छ । तर त्यसलाई खोल्ने हो भने त्यसभित्र हावा, ध्वनि, सुर र प्रविधिको छुट्टै संसार भेटिन्छ । कुनै एउटा ध्वनि किन कमजोर भयो, सुर किन बिग्रियो वा हावाको प्रवाह कहाँ असन्तुलित भयो– यी प्रश्नको उत्तर खोज्न बर्सौंको अनुभव चाहिन्छ ।*

कहिलेकाहीँ जीवनको यात्रा कुनै ठुलो सपनाबाट होइन, एउटा सानो उत्सुकताबाट सुरु हुन्छ । सर्लाहीको श्रीनगरमा जन्मिएका विमल साह सोनारको जीवनमा पनि त्यस्तै भयो । सुरुमा हार्मोनियमलाई आफ्नो भविष्य बनाउँछु भनेर उनले सायदै सोचेका थिए ।

तर एउटा हार्मोनियम पसलमा काम गर्ने क्रममा देखेका कलाकार, सुनेका सुर र वाद्ययन्त्रभित्र लुकेको प्रविधिप्रतिको जिज्ञासाले अन्ततः उनलाई यही क्षेत्रमा स्थापित गरायो । आज उनी हार्मोनियम निर्माण, सुर मिलाउने, मर्मत तथा पुनर्स्थापनाको क्षेत्रमा परिचित नाम बनेका छन् ।

अहिले उनी आफ्नै नाममा हार्मोनियमको ब्रान्ड र कम्पनी सञ्चालन गरिरहेका छन् । नेपालका कलाकारदेखि भारतीय संगीत क्षेत्रका चर्चित कलाकारसँग काम गरेको अनुभव उनीसँग छ । डिजिटल प्रविधिको प्रयोगबाट हार्मोनियमको सुर मिलाउने कामलाई थप व्यवस्थित बनाउने प्रयासका कारण उनको व्यावसायिक परिचयको दायरा नेपालबाहिर पनि फैलिएको छ ।

सर्लाहीको ईश्वरपुर नगरपालिका-१३, श्रीनगरसँग जोडिएको उनको बाल्यकाल सामान्य ग्रामीण परिवेशमा बित्यो । त्यहाँबाट राजधानी काठमाडौंसम्मको यात्रा सहज थिएन । अवसर खोज्दै अघि बढ्नुपर्ने अवस्था थियो । तर सिक्ने इच्छा र कामप्रतिको लगावले उनलाई निरन्तर अघि बढाइरह्यो ।

२०६२ सालमा एसएलसी उत्तीर्ण गरेपछि उनी काठमाडौं आए । गाउँबाट राजधानी आउँदा उनको उद्देश्य पढाइभन्दा पनि रोजगारी थियो । 'त्यतिबेला घरबाट काठमाडौं पढ्न भन्दा पनि पैसा कमाउन पठाउने चलन थियो,' उनी सम्झन्छन्, 'म पनि काठमाडौं पैसा कमाउनकै लागि आएको थिएँ, पैसा कमाउनकै लागि हार्मोनियम पसलमा काम गरेको थिएँ ।'

त्यतिबेला उनलाई कहाँ पुगिन्छ भन्ने थाहा थिएन । एउटा सामान्य रोजगारीका रूपमा सुरु भएको कामले नै भविष्यमा उनको परिचय बनाउँछ भन्ने कल्पना पनि थिएन ।

केही समय काठमाडौंमा काम गरेपछि उनी रोजगारीको सिलसिलामा भारतको कलकत्ता पुगे । त्यही यात्रा उनको जीवनको निर्णायक मोड बन्न पुग्यो । कलकत्तामा उनले एउटा हार्मोनियम पसलमा काम गर्ने अवसर पाए । सुरुमा त्यो उनका लागि रोजगारी थियो । हार्मोनियम उनको पेसाको विषय बनेको थिएन ।

कलकत्ताको पसलमा हार्मोनियम बेचिन्थ्यो, मर्मत गरिन्थ्यो र सुर मिलाइन्थ्यो । पसलमा विभिन्न कलाकार र संगीतकर्मी आउँथे । विमल उनीहरूलाई ध्यानपूर्वक नियाल्थे ।







कलाकारका लागि हार्मोनियम केवल एउटा बाजा थिएन । त्यसको एउटा सानो सुर बिग्रँदा पनि त्यसले गायनमा प्रभाव पार्न सक्थ्यो । कुनै कलाकारले आफ्नो स्वर र शैलीअनुसार हार्मोनियम मिलाउन लगाउँथे । कसैले ध्वनिको गुणस्तरमा ध्यान दिन्थे ।

यिनै दृश्यले विमलको मनमा प्रश्न जन्माउन थाले- कलाकारले एउटा वाद्ययन्त्रलाई यति धेरै महत्त्व किन दिन्छन् ? एउटा सुर बिग्रँदा त्यसले कति ठुलो फरक पार्छ ? कलाकारको आवश्यकताअनुसार हार्मोनियमको ध्वनि कसरी परिवर्तन गर्न सकिन्छ ? जिज्ञासा बढ्दै गएपछि उनले हार्मोनियमलाई बाहिरबाट मात्र हेर्न छाडे । भित्र पस्न थाले ।

उनले हार्मोनियमको बाहिरी स्वरूप मात्र होइन, त्यसको भित्री संरचना बुझ्न थाले । हार्मोनियमभित्र प्रयोग हुने ध्वनि-पट्टिका, हावाको प्रवाह, आवाज उत्पादन हुने प्रक्रिया, सुरको उचाइ, ध्वनि र सुर मिलाउने विभिन्न पक्षबारे उनले व्यवहारमै सिक्दै गए । कुनै भाग बिग्रँदा फेर्ने मात्र होइन, त्यसको कारण पत्ता लगाउने र समस्या समाधान गर्ने अभ्यास गर्न थाले । बर्सौंको अभ्यासपछि उनी हार्मोनियम खोल्न, त्यसको भित्री संरचना जाँच गर्न, खराबी पहिचान गर्न, मर्मत गर्न र पुनः प्रयोगयोग्य अवस्थामा ल्याउन सक्ने दक्षता हासिल गर्ने तहमा पुगे ।

ध्वनि-पट्टिका, हावाको प्रवाह, आवाज उत्पादन हुने प्रक्रिया, सुरको उचाइ र ध्वनिको सन्तुलनबारे उनले काम गर्दै सिके । कुनै भाग बिग्रिएपछि फेर्नेमात्र होइन, त्यो किन बिग्रियो भन्ने कारण खोज्न थाले ।

हार्मोनियम खोल्ने, प्रत्येक भाग जाँच्ने, समस्या पहिचान गर्ने, मर्मत गर्ने र पुनः प्रयोगयोग्य बनाउने काम उनको दैनिक अभ्यास बन्दै गयो । 'हार्मोनियम मर्मत गर्नु भनेको बिग्रिएको एउटा भाग फेर्नु मात्र होइन,' उनी भन्छन्, 'त्यसको समग्र संरचना र ध्वनि प्रणालीलाई बुझेर काम गर्नुपर्छ ।'

बर्सौंको अभ्यासपछि हार्मोनियमको 'चिरफार' गरेर समस्या पत्ता लगाउने र पुनः व्यवस्थित गर्ने सीप उनको विशेषता बन्यो । उनले एउटा महत्त्वपूर्ण कुरा पनि बुझे-सबै कलाकारका लागि एउटै प्रकारको हार्मोनियम उपयुक्त हुँदैन । गायकको स्वर दायरा, गायन शैली, अभ्यास र प्रस्तुति आवश्यकताअनुसार हार्मोनियमको टोन र सुरमा फरक आवश्यक पर्न सक्छ । 'गायकको स्वरअनुसार हार्मोनियम फरक-फरक हुन्छ,' उनी भन्छन्, 'टोन मिलाउनुपर्ने हुन्छ । त्यसलाई डिजिटल प्रविधिसँग जोडेर काम गर्दा नतिजा राम्रो आउँछ ।'

उनका अनुसार गीतको प्रकृतिले पनि हार्मोनियमको टोन निर्धारण गर्छ । 'भजनका लागि प्रयोग भएको हार्मोनियमको टोन लोकदोहोरीमा प्रयोग हुन सक्दैन,' उनी भन्छन्, 'आधुनिक, लोक, लोकदोहोरी र शास्त्रीय संगीत सबैका लागि फरक-फरक टोन आवश्यक हुन्छ ।' यही आवश्यकता बुझ्दै उनले आफ्नै तरिकाले टोन विकास गर्ने अभ्यास अघि बढाए ।

समय बित्दै जाँदा उनको कामप्रतिको आत्मविश्वास बढ्यो । हार्मोनियम निर्माण, मर्मत, सुर मिलाउने र पुनर्स्थापनाको कामलाई उनले निरन्तरता दिए । उनको व्यावसायिक यात्रामा नेपालका विभिन्न गायक तथा संगीतकर्मीदेखि भारतीय संगीत क्षेत्रका चर्चित कलाकारसम्मसँग काम गरेको अनुभव जोडिएको छ ।

भारतीय संगीत क्षेत्रमा उनले उदितनारायण झा, कुमार सानु, गुलाम अली, अनुप जलोटा, सोनु निगम, सुरेश वाडकर, अनुराधा पौडवाल, आशा भोसले, कैलाश खेर, अनु मलिक र अरिजित सिंहलगायत कलाकारसँग काम गरेको बताउँछन् । 'बलिउडमा काम गर्नु धेरै मानिसको सपना हुन्छ, मैले त्यो पूरा गरेँ,' उनी भन्छन् ।

नेपाली संगीत क्षेत्रमा पनि उनले दीप श्रेष्ठ, प्रमोद खरेल, शिव परियार, राजेशपायल राई, सत्यराज आचार्य, अञ्जु पन्त, रामकृष्ण ढकाल, राज सिग्देल, आनन्द कार्की र मिलन अमात्यलगायत कलाकारसँग सहकार्य गरेका छन् । यस्ता कामले कलाकारको आवश्यकताअनुसार वाद्ययन्त्र तयार गर्ने र प्राविधिक समस्या समाधान गर्ने अवसर दिएको उनी बताउँछन् ।

हार्मोनियमप्रतिको उनको लगाव यतिमै रोकिएन । परम्परागत रूपमा सुर मिलाउने पद्धतिसँगै उनले आधुनिक प्रविधिको प्रयोगमा पनि चासो दिए । विद्युतीय उपकरणको सहयोगमा सुरको उचाइ जाँच गर्ने, ध्वनिको विश्लेषण गर्ने र सुर मिलाउने प्रक्रियालाई थप व्यवस्थित बनाउने अभ्यास उनले अघि बढाए ।

उनको दृष्टिमा विद्युतीय प्रविधि परम्परागत शिल्पकलाको विकल्प होइन, त्यसलाई सहयोग गर्ने माध्यम हो । अनुभवी शिल्पीको कान र हातको सीपसँग प्रविधि जोडिँदा सुर मिलाउने काममा अझ प्रभाकारी हुने उनको धारणा छ ।

यही कामका कारण उनको व्यावसायिक परिचयमा 'हार्मोनियम डिजिटल ट्युनिङ विशेषज्ञ' भन्ने पहिचान जोडिएको छ । त्यतिमात्र हैन उनले लन्डनस्थित वर्ल्ड बुक अफ रेकड्र्समा 'विश्वकै पहिलो हार्मोनियम डिजिटल ट्युनिङ विशेषज्ञ'का रूपमा समेत आफ्नो नाम दर्ज गरेका छन् ।

बर्सौंसम्म अरूका हार्मोनियम बनाउने, मर्मत गर्ने र सुर मिलाउने क्रममा उनको मनमा आफ्नै ब्रान्ड बनाउने सोच पनि विकसित भयो । आफूले सिकेको सीपलाई आफ्नै उत्पादनसँग जोड्ने उद्देश्यले उनले 'विमल ब्रान्ड हार्मोनियम'को अवधारणा अघि बढाए ।

अहिले काठमाडौंको सिनामंगल क्षेत्रमा सोनिया ग्रुप अफ कम्पनिज प्रालिअन्तर्गत विमल म्युजिक इन्स्ट्रुमेन्ट्समार्फत उनको व्यवसाय सञ्चालन भइरहेको छ । विमल म्युजिक इन्स्ट्रुमेन्ट्स हार्मोनियम निर्माण र प्राविधिक सेवामा केन्द्रित छ । यहाँ हार्मोनियम निर्माण, मर्मत, सुर मिलाउने, सर्भिसिङ, पुनर्स्थापना र कलाकारको आवश्यकता अनुसार विशेष हार्मोनियम तयार गर्ने काम हुँदै आएको छ ।

विमलका लागि आफ्नै कम्पनी खोल्नु केवल व्यापार विस्तार गर्नु थिएन । उनले बर्सौं सिकेको शिल्पलाई आफ्नै नामको उत्पादनमा रूपान्तरण गर्ने प्रयास थियो । अरूको हार्मोनियम मर्मत गर्दै आएका उनी अब आफ्नै ब्रान्डको हार्मोनियम निर्माण र बजार विस्तारमा केन्द्रित छन् । 'आज पनि कतिपय मानिसहरू हार्मोनियमलाई एक प्रकारको बाजाका रूपमा मात्र हेर्छन्,' उनी भन्छन्, 'तर हार्मोनियम त्यतिमात्र पनि होइन, संगीतको सुरुदेखि अन्त्यसम्म जे चाहिन्छ, त्यो हार्मोनियम हो ।'

उनको यात्राको अर्को पक्ष भनेको पुराना हार्मोनियमको पुनर्स्थापना हो । नयाँ वाद्ययन्त्र निर्माणसँगै पुराना र प्रयोग भइसकेका हार्मोनियमलाई पुनः उपयोगी बनाउने काममा पनि उनले ध्यान दिएका छन् । समयसँगै बिग्रिएका ध्वनि-पट्टिका, हावाको प्रणाली, काठका संरचना वा सुर मिलाउनेसम्बन्धी समस्या समाधान गरेर पुरानो वाद्ययन्त्रलाई पुनर्जीवन दिने काम उनले गर्दै आएका छन् ।

हार्मोनियमको प्रत्येक भागसँग परिचित हुनु नै उनको सीपको आधार हो । कुन ध्वनि-पट्टिकाको अवस्था कस्तो छ, कुन ठाउँमा हावा चुहावट भइरहेको छ, आवाज किन कमजोर भयो वा सुर किन असन्तुलित भयो भन्ने पहिचान गर्न लामो अनुभव आवश्यक हुन्छ । यही अनुभवले उनलाई हार्मोनियमको संरचनालाई गहिराइमा बुझ्ने शिल्पीका रूपमा स्थापित गरेको छ ।

दुई दशकभन्दा बढी समयको व्यावसायिक अनुभवपछि पनि उनको सिक्ने क्रम रोकिएको छैन । प्रविधि बदलिँदै जाँदा वाद्ययन्त्र निर्माण र सुर मिलाउने तरिका पनि परिवर्तन हुँदै जाने उनको बुझाइ छ । त्यसैले परम्परागत ज्ञानलाई जोगाउँदै आधुनिक प्रविधिसँग जोड्ने प्रयास उनको कामको मुख्य आधार बनेको छ ।

आज उनको व्यावसायिक पहिचान नेपालमा मात्र सीमित छैन । विमल ब्रान्ड हार्मोनियमलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने उनको योजना छ । भारतदेखि संयुक्त राज्य अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया तथा खाडी क्षेत्रसम्म नेपाली शिल्पमा बनेका हार्मोनियम पुऱ्याउने लक्ष्य उनले राखेका छन् । अनलाइन माध्यम र अन्तर्राष्ट्रिय बजारमार्फत नेपाली उत्पादनलाई विश्वका संगीतकर्मीहरूसम्म पुऱ्याउने उनको योजना छ ।

उनी आफूलाई विश्वभर चिनिनेभन्दा पहिले नेपाली शिल्पीका रूपमा चिनाउन चाहन्छन् । जहाँ पुगे पनि नेपाली भएर चिनिनु र नेपालमा सिकेको सीपलाई विश्वसामु पुऱ्याउनु उनको प्राथमिकता हो ।

आज उनीसँग आफ्नो कामको परिचय छ, आफ्नै ब्रान्ड छ र अन्तर्राष्ट्रिय बजारसम्म पुग्ने लक्ष्य पनि छ । विमल साह सोनारका लागि हार्मोनियम अब एउटा वाद्ययन्त्र मात्र रहेन । यही वाद्ययन्त्रले जीवनको परिचय निर्माण गरेको छ ।

पर्यटन

# मोबाइलको स्क्रिनदेखि गाउँको आँगनसम्म



● जनक श्रेष्ठ

*कुनै बेला आफन्त र साथीभाइको मुखबाट चिनिने लमजुङका गाउँ अहिले मोबाइलको स्क्रिनबाट संसारसम्म पुगिरहेका छन् । सामाजिक सञ्जाल, इन्टरनेट र एआईले गन्तव्य खोज्ने तरिका बदले पनि पर्यटकको आकर्षण उस्तै छ– स्थानीय संस्कृति, स्वाद, प्रकृति र आत्मीयता । अब चुनौती प्रविधिले बढाएको पहुँचलाई गाउँको आम्दानी र दिगो पर्यटनमा बदल्नु हो ।*

केही वर्षअघिसम्म गाउँ घुम्न जाने पर्यटकले गन्तव्यबारे आफन्त, साथीभाइ वा चिनजानका मानिसबाट जानकारी लिन्थे । कुन ठाउँ जाने, कसरी पुग्ने र कहाँ बस्ने भन्ने जान्न मानिससँगै सोधपुछ गर्नुपर्थ्यो । कुनै गाउँको पर्यटनबारे अर्को गाउँ वा सहरमा जानकारी पुग्नु नै ठुलो प्रचार मानिन्थ्यो ।

समय फेरिएको छ । मोबाइलको स्क्रिनमा देखिने तस्बिर, भिडियो र सामाजिक सञ्जालका सामग्रीले नयाँ गन्तव्य चिनाउन थालेका छन् । इन्टरनेटसँगै कृत्रिम बौद्धिकता (एआई)को प्रयोगले गन्तव्य छनोट गर्न, बाटो बुझ्न, बसाइका विकल्प खोज्न र भ्रमणको योजना बनाउनसमेत सहज बनाएको छ ।

तर लमजुङको ग्रामीण पर्यटन मोबाइलबाट सुरु भएको होइन । गाउँको मौलिक संस्कृति, प्राकृतिक सौन्दर्य, स्थानीय खानपान, परम्परा र मानिसको आतिथ्यलाई पर्यटनसँग जोड्ने स्थानीय प्रयासले यसको आधार तयार गरेको हो । प्रविधिले अहिले ती गाउँलाई पर्यटकसम्म पुऱ्याउने माध्यम भने बदलिदिएको छ ।

लमजुङको ग्रामीण पर्यटनको चर्चा गर्दा क्व्होलासोथार गाउँपालिका-३ घलेगाउँको नाम अगाडि आउँछ । पर्यटनको सम्भावना खोज्दै स्थानीयस्तरबाट सुरु भएको अभियानले पछि घरबासलाई आम्दानीको माध्यम बनायो । विसं २०५७ मा १२ घरबाट सुरु भएको घलेगाउँको घरबास अहिले धेरै घर र हजारौं पर्यटकसम्म पुगेको छ । यस अभियानका अगुवा हुन्- प्रेमबहादुर घले ।

गाउँमा रोजगारी र आम्दानीका अवसर सीमित हुनु तथा मानिस बाहिरिने क्रम बढेपछि घलेले गाउँमै सम्भावना खोज्न थाले । स्याङ्जाको सिरुबारीमा घरबासबाट स्थानीयले आम्दानी गरिरहेको जानकारी पाएपछि उनी त्यहाँ पुगेर अनुभव लिए । त्यसपछि घलेगाउँमा पनि त्यस्तै अभ्यास सुरु गर्ने योजना बनाए । त्यतिबेला साविक उत्तरकन्या गाविसका अध्यक्ष रहेका घलेले स्थानीयलाई संगठित गर्दै घरबासको अवधारणा अघि बढाए । स्थानीय स्रोत, सामूहिक सहभागिता र नेतृत्वको पहलमा घरहरूमा आवश्यक सुधार गरी पाहुना राख्ने वातावरण तयार पारियो ।

सुरुआती दिनमा गाउँ आउने पाहुनालाई 'प्रेम घलेको पाहुना' भन्ने गरिन्थ्यो । बिस्तारै गाउँलेले पाहुनाको स्वागत, सत्कार, स्थानीय संस्कृति प्रस्तुत गर्ने र घरबास सञ्चालन गर्ने तौरतरिका सिक्दै गए । घरबाससँगै गाउँको सरसफाइ, बाटोघाटो, खानेपानी, विद्युत्, सञ्चारलगायत आधारभूत सुविधा पनि सुधार हुँदै गए । घलेगाउँले क्रमशः आफ्नो पहिचान विस्तार गऱ्यो । गुरुङ संस्कृति, परम्परागत जीवनशैली, स्थानीय खानपान, प्राकृतिक सौन्दर्य र हिमाली दृश्य पर्यटकका आकर्षण बने । पर्यटन बढेसँगै स्थानीय उत्पादनको प्रयोग, सांस्कृतिक कार्यक्रम र सरसफाइमा पनि चासो बढ्यो ।

अहिले घलेगाउँमा ४२ घरमा घरबास सञ्चालनमा छन् । गत वर्ष करिब २५ हजार पर्यटक पुगेका थिए । एकैपटक धेरै पाहुना आउँदा एउटै घरको क्षमताले धान्न कठिन हुने अवस्था पनि छ । सडक पहुँच सुधार भइरहेको छ भने घरबासका संरचना, शयचा, कम्बल र गद्दालगायत सामग्रीलाई थप व्यवस्थित गर्ने प्रयास भइरहेको छ ।



घलेगाउँबाट फैलिएको घरबासको अभ्यास अहिले लमजुङका विभिन्न गाउँमा पुगेको छ । मर्स्याङ्दी गाउँपालिका-३ सिउरुङ त्यसकै अर्को उदाहरण हो । सुरुमा आफन्त तथा साथीभाइबाट जानकारी पाएर पर्यटक आउने गरेकामा अहिले सामाजिक सञ्जालमार्फत गाउँबारे जानकारी लिएर आफैं सम्पर्क गर्ने पर्यटक बढेका छन् ।

सिउरुङका पर्यटनकर्मीले युट्युब, फेसबुक र टिकटकमार्फत गाउँको संस्कृति, वातावरण, घरबास र पर्यटकीय गतिविधिबारे जानकारी दिन थालेका छन् । अहिले त्यहाँ १८ घरमा घरबास सञ्चालनमा छन् । पदमार्ग, पर्यटन पूर्वाधार तथा स्थानीय संस्कृति र परम्पराको संरक्षणलाई सँगसँगै अघि बढाउने प्रयास भइरहेको छ । क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङका अनुसार पर्यटनबाट स्थानीयस्तरमा आम्दानीका अवसर बढेका छन् र ग्रामीण महिलाको सहभागिता पनि बढिरहेको छ । घलेगाउँ र भुजुङ आउने धेरै पर्यटक भने एक रात बसेर फर्कने गरेका छन् ।

पर्यटकको बसाइ लम्ब्याउन पदमार्ग विकास, गुरुङ सांस्कृतिक पदमार्गको प्रवर्धन तथा नयाँ पर्यटकीयस्थलमा लगानी आवश्यक छ । सामाजिक सञ्जाल र श्रव्यदृश्य सामग्रीमार्फत प्रचारप्रसार, मेला, महोत्सव तथा मौसमी कार्यक्रमले पनि पर्यटन प्रवर्धनमा सहयोग पुऱ्याउन सक्छन् ।

पर्यटनलाई स्थानीय कृषि उत्पादनसँग जोड्ने प्रयास पनि भइरहेको छ । कोदो, गुन्द्रुक, स्थानीय तरकारी तथा अन्य उत्पादन घरबासमा प्रयोग हुँदा किसानले बजार पाउने र पर्यटकले स्थानीय स्वाद लिन पाउने अवस्था बनेको छ । यसले पर्यटन र कृषिबीचको सम्बन्ध बलियो बनाएको छ ।

क्व्होलासोथार-३ घलेगाउँका घरबास सञ्चालक दीर्घराज घलेका अनुसार पर्यटकले गन्तव्य खोज्ने र छनोट गर्ने तरिका निकै बदलिएको छ । अहिले टिकटक, फेसबुक, युट्युब र एआईबाट जानकारी लिएर पर्यटक आउन थालेका छन् । तर मोबाइलमा देखेको गाउँ प्रत्यक्ष पुगेर संस्कृति, परम्परा, जीवनशैली र वातावरण अनुभव गर्ने चाहना भने उस्तै छ ।

पर्यटकीय मौसममा एकैपटक चारदेखि पाँच सयसम्म पर्यटक आउने अवस्था हुँदा कतिपय घरबासको क्षमताले धान्न कठिन हुन्छ । घरबास तथा पर्यटनबाट मासिक रु ४० हजारदेखि रु ५० हजारसम्म आम्दानी हुने गरेको छ । आम्दानी सबै घरमा समान रूपमा पुगोस् भनेर घरबास सञ्चालकले पालैपालो पाहुना बाँड्ने व्यवस्था मिलाएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका कार्यसमिति सदस्य रामकुमार श्रेष्ठका अनुसार लमजुङमा पदमार्ग र घरबास पर्यटनको सम्भावना राम्रो भए पनि पर्यटकलाई लामो समय रोक्ने पर्याप्त पर्यटन उत्पादन र गन्तव्यको विविधता विकास हुन सकेको छैन । ग्रामीण घरबासतर्फ विदेशीभन्दा आन्तरिक पर्यटकको आकर्षण बढिरहेको छ । लमजुङ हुँदै मनाङतर्फ जाने पदयात्री तथा हिमालचुली क्षेत्रतर्फ जाने पर्यटकलाई जिल्लामै केही दिन रोक्न सकिने सम्भावना छ । त्यसका लागि पदमार्ग, सडक, आवास तथा अन्य पर्यटन सेवा व्यवस्थित गर्नुका साथै नयाँ पर्यटन उत्पादन विकास गर्न आवश्यक छ ।

डिजिटल युगमा पर्यटकले सामाजिक सञ्जाल तथा इन्टरनेटमार्फत गन्तव्यबारे जानकारी लिएर यात्रा तय गर्ने भएकाले लमजुङले पनि सोहीअनुसार पर्यटन प्रवर्धन गर्नुपर्ने श्रेष्ठको भनाइ छ । व्यवस्थित प्रचारप्रसार र पर्यटन व्यवस्थापन गर्न सके अहिले कम चर्चामा रहेका स्थानमा समेत पर्यटक पुऱ्याउन सकिन्छ । पर्यटकको संख्या बढाउनेसँगै गुणस्तरीय सेवा र बढी खर्च गर्ने पर्यटक आकर्षित गर्नुपर्ने आवश्यकता छ ।

लमजुङमा भुजुङ, राइनासकोट, पसगाउँ, नरुवाल, भुस्मेगाउँ, सिङ्दी गाउँ, तुर्लुङकोट र घेर्मुललगायत करिब दुई दर्जन स्थानमा घरबास सञ्चालनमा छन् । गुरुङ, नेवार, तामाङ, मगर र दुरा समुदायका घरबास पनि सञ्चालनमा छन् । ग्रामीण बस्तीमा घरबाससँगै स्थानीय संस्कृति, पदमार्ग, कृषि उत्पादन र प्राकृतिक सम्पदालाई पर्यटनसँग जोड्ने प्रयास भइरहेको छ ।

पर्यटकका अनुभवले पनि पर्यटनमा आएको परिवर्तन देखाउँछन् । दोर्दी गाउँपालिका-४ नौथरसेराका लक्ष्मण गुरुङ साथीभाइ तथा आफन्तबाट जानकारी पाएर लमजुङका पर्यटकीय गाउँ र घरबास पुगेका हुन् । स्थानीयको स्वागत, बिदाइमा गाउने गीत, संस्कृति तथा स्थानीय परिकारले उनलाई आकर्षित गरेको छ । कोदोको रोटी, गुन्द्रुक, स्थानीय कुखुरालगायत परिकारको स्वाद लिन पाएका छन् ।

काठमाडौंबाट घलेगाउँ पुगेकी एरिना महर्जनका लागि भने सामाजिक सञ्जाल नै गन्तव्यसम्म पुग्ने पहिलो माध्यम बन्यो । सामाजिक सञ्जालमा घलेगाउँका तस्बिर तथा भिडियो देखेपछि उनले घरबास, बाटो, बसाइ, स्थानीय संस्कृति र खानपानबारे जानकारी लिएर भ्रमणको योजना बनाइन् । गाउँ पुगेपछि हिमाल, गुराँस, गुरुङ संस्कृति, परम्परागत घर तथा स्थानीय परिकारले उनलाई आकर्षित गऱ्यो ।

लमजुङको पर्यटन यात्रा हेर्दा सूचना पाउने माध्यम बदलिएको स्पष्ट देखिन्छ । पहिले आफन्त र साथीभाइले गाउँको परिचय गराउँथे । अहिले मोबाइल, सामाजिक सञ्जाल, इन्टरनेट र एआईले त्यही काम गरिरहेका छन् । तर माध्यम बदलिए पनि पर्यटकले खोज्ने अनुभव उस्तै छ- स्थानीय मानिसको आत्मीयता, मौलिक संस्कृति, स्थानीय खाना, प्रकृति र गाउँको जीवनशैली ।

त्यसैले अबको पर्यटन प्रवर्धन गन्तव्यका तस्बिर र भिडियो सामाजिक सञ्जालमा पुऱ्याउने विषयमा मात्र सीमित हुन सक्दैन । पर्यटकलाई गाउँसम्म पुऱ्याएपछि केही दिन बढी बस्ने वातावरण बनाउनु, स्थानीय उत्पादनको बजार विस्तार गर्नु, पदमार्ग र पूर्वाधार सुधार गर्नु तथा पर्यटनबाट प्राप्त आम्दानीलाई गाउँकै उत्पादन र जीवनसँग जोड्नु पनि उत्तिकै आवश्यक छ ।

गाउँको आँगनमा सुरु भएको पर्यटन अहिले मोबाइलको स्क्रिन हुँदै पर्यटकको प्रत्यक्ष अनुभवसम्म पुगेको छ । प्रविधिले पर्यटकलाई गाउँ चिनाउने माध्यम बदले पनि गाउँको मौलिकता, स्थानीय संस्कृति, खानपान, प्रकृति र मानिसको आतिथ्य नै ग्रामीण पर्यटनको मूल आधार हुन् । अबको चुनौती यही मौलिकता जोगाउँदै प्रविधिबाट सिर्जित पहुँचलाई स्थानीय अवसर र आम्दानीमा रूपान्तरण गर्नु हो ।

मध्यान्ह
www.madhyanhadaily.com
१७ असोज २०८३ शनिबार
3 October 2026 Saturday

# जगदम्बा मोटर्सले भित्र्यायो स्याकम्यान एक्स५००इ इलेक्ट्रिक प्राइम मुभर र इलेक्ट्रिक टिपर

**काठमाडौं/मस–** शंकर ग्रुपअन्तर्गतको जगदम्बा मोटर्सले सान्क्सी अटोमोबाइल ग्रुप (स्याकम्यान)सँगको सहकार्यमा स्याकम्यान एक्स५००इ ६×४ इलेक्ट्रिक प्राइम मुभर र स्याकम्यान एक्स५००इ ६×४ इलेक्ट्रिक टिपर नेपालमा सार्वजनिक गरेको छ। यससँगै स्याकम्यानले नेपालको तीव्र रूपमा विस्तार हुँदै गएको विद्युतीय हेभी-ड्युटी व्यावसायिक सवारीसाधन क्षेत्रमा प्रवेश गरेको छ।



व्यावसायिक क्षेत्रका चुनौतीपूर्ण आवश्यकतालाई ध्यानमा राखेर विकास गरिएको एक्स५००इ इलेक्ट्रिक प्राइम मुभर भारी सामान ढुवानी तथा लामो दूरीको यातायातका लागि उपयुक्त रहेको छ भने एक्स५००इ इलेक्ट्रिक टिपर निर्माण, खानी तथा अन्य चुनौतीपूर्ण अफ-रोड सञ्चालनका लागि डिजाइन गरिएको छ।

शंकर ग्रुपकी निर्देशक दीपा अग्रवालले भनिन्, 'स्याकम्यानसँगको हाम्रो साझेदारीले नेपालमा अत्याधुनिक विद्युतीय मोबिलिटी समाधानहरू ल्याउने हाम्रो प्रतिबद्धतालाई प्रतिविम्बित गर्छ। आगामी दिनमा यस सहकार्यलाई थप विस्तार गर्दै व्यावसायिक यातायात क्षेत्रमा थप अवसर सिर्जना गर्न हामी तत्पर छौं।'

जगदम्बा मोटर्स र स्याकम्यानबीचको सहकार्यबारे बोल्दै सान्क्सी अटोमोबाइल होल्डिङ ग्रुपका साउथ एसिया जनरल म्यानेजर स्यान्डर्स लीले भने, 'नेपाल विद्युतीय हेभी-ड्युटी सवारीसाधनका लागि सम्भावनायुक्त बजार हो। शंकर ग्रुप र जगदम्बा मोटर्ससँग साझेदारी गर्न पाउँदा हामी खुसी छौं। यस सहकार्यमार्फत नेपाली बजारमा भरपर्दो र प्रविधिमा आधारित हेभी-ड्युटी समाधान ल्याउने हाम्रो लक्ष्य छ।' स्याकम्यान एक्स५००इ का दुवै मोडलमा विद्युतीय पावरट्रेन प्रविधिसँगै चालकको आराम र सञ्चालन प्रभावकारितालाई ध्यानमा राखिएका विभिन्न सुविधा समावेश छन्। यी सवारीसाधनमा एयर-सस्पेन्डेड सिट, मल्टिफङ्सन स्टेयरिङ, एयर कन्डिसनिङ तथा ठुलो इन्स्ट्रुमेन्ट डिस्प्लेलगायत हेभी-ड्युटी व्यावसायिक सञ्चालनका लागि आवश्यक सुरक्षा तथा नियन्त्रण प्रणालीहरू उपलब्ध छन्।

जगदम्बा मोटर्सका एक्जेक्युटिभ डिरेक्टर अखिल गुप्ताले भने, 'स्याकम्यान एक्स५००इ हाम्रो व्यावसायिक सवारसाधन पोर्टफोलियोमा महत्त्वपूर्ण थप हो। नेपालको यातायात, निर्माण तथा औद्योगिक क्षेत्रका बदलिँदा आवश्यकताहरूलाई सम्बोधन गर्ने विद्युतीय हेभी-ड्युटी समाधान उपलब्ध गराउन पाउँदा हामी खुसी छौं।' स्याकम्यान एक्स५००इ ६×४ इलेक्ट्रिक प्राइम मुभरको मूल्य २ करोड ५ लाख रुपैयाँ तोकिएको छ भने स्याकम्यान एक्स५००इ ६×४ इलेक्ट्रिक टिपरको मूल्य २ करोड ३५ लाख रुपैयाँ तोकिएको छ।

(दर्ता नं. १६६/०६५/०६६)

सानिमा फाउण्डेशन
SANIMA FOUNDATION
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित मुनाफा वितरण नगर्ने कम्पनी)
का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाडौं, फोन नं. ४३७३०३०, ४३७२८२८

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**श्री सदस्य महानुभावहरु,**

यस सानिमा फाउण्डेशनको मिति २०८३ साल असोज ०९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण सदस्य महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८३ साल कार्तिक १३ गते (तदनुसार ३० अक्टोबर, २०२६), शुक्रबार।
समय : बिहान ११:०० बजे।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ०४, धुम्बाराही, काठमाडौं।

**साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु :**
१. कम्पनीको सञ्चालक समितिको आ. व. २०८२/८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. आ. व. २०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ सालको आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने।
३. आ. व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालकहरुको नियुक्ति/निर्वाचन गर्ने।
५. विविध।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# ग्लोबल आइएमई बैंकको १० प्रतिशत लाभांश पारित




**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंकले आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट आफ्ना सेयरधनीहरूलाई चुक्ता पुँजीको कुल १० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ।

जसमध्ये ४ प्रतिशत बोनस सेयर र कर प्रयोजनसहित ६ प्रतिशत नगद लाभांश रहेको छ। बैंकको २०औं वार्षिक साधारणसभा लाभांश पारित गरेको हो। सञ्चालक समितिका तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले पेस गरेको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण सभाले पारित गरेको छ।

समीक्षा अवधिमा बैंकले ६ अर्ब ४ करोड रुपैयाँ खुद नाफा आर्जन गर्न सफल भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १५.९० प्रतिशतले बढी हो। यसैगरी, बैंकको सञ्चालन मुनाफा ९ अर्ब ६० करोड रुपैयाँ रहेको छ। स्वीकृत बोनस सेयर वितरणसँगै बैंकको चुक्ता पुँजी ३९ अर्ब ६८ करोड ६० लाख रुपैयाँ पुगेको छ। अध्यक्ष ढकालले सेयरधनीको अटुट विश्वास र निरन्तर साथप्रति आभार व्यक्त गरे। उनले ग्राहकवर्ग, सेयरधनी, नियामक निकाय तथा सम्पूर्ण शुभेच्छुकको साथ र सहयोगकै कारण बैंकले गौरवमय दुई दशकको यात्रा सफलतापूर्वक पूरा गर्न सकेको बताए।

# पूर्वाञ्चल ल्युब आयलले आइपिओ ल्याउँदै

**मोरङ/मस–** पी.एल.ओ. ब्रान्डको उत्पादक पूर्वाञ्चल ल्युब आयल लिमिटेडको २७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।



सभाले सञ्चालक समितिबाट प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक तथा वित्तीय प्रतिवेदनसहित सबै प्रस्ताव पारित गरेको छ। सभाले चुक्ता पुँजीमा करसहित ८.४२ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्तावसमेत अनुमोदन गरेको छ। यस्तै पूर्वाञ्चल ल्युब आयलले बुक बिल्डिङ विधिमार्फत आइपिओ निष्कासनको तयारीलाई अघि बढाएको छ। संस्थागत लगानीकर्ताका लागि ६ लाख कित्ता सेयर छुट्याइएको छ। आइपिओ निष्कासनमार्फत पुँजी विस्तार गर्दै व्यवसायलाई थप विस्तार गर्ने कम्पनीको योजना रहेको जनाएको छ।

**नाम, थर र जन्ममिति फरक परेको सूचना**



जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पु.) को पत्र संख्या ०८३/८४ च.नं. ९५३ मिति २०८३।६।१३ को पत्रअनुसार विनयी त्रिवेणी गाउँपालिका वडा नं. ०२ निवासी भारतीय पेन्सनर (भु.पु. सैनिक नं. JC-617437F NB/SUB) श्याम बहादुर रानाले तपसिल बमोजिमको कागजातमा मेरो परिवारको सदस्यहरुको नाम, थर र जन्म मिति फरक परेकोले एउटै व्यक्ति प्रमाणित गरी पाउँ भनी निवेदन दिनुभएकोमा इलाका प्रहरी कार्यालय दुम्किवास नवलपरासी (ब.सु.पु.) को च.नं. १५८, मिति २०८३/०५/२६ को प्रहरी सर्जमिन मुचुल्का र विनयी त्रिवेणी गाउँपालिका ०२ नं. वडा को च.नं. ३४६, मिति २०८३/०५/१८ को पत्रानुसार उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि सिफारिस भई आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ।

**तपसिल**

| सि.नं. | नेपाली नागरिताको प्रमाणपत्रमा उल्लेख भएको नाम,थर | निजको पेन्सन पट्टामा उल्लेख भएको परिवारको सदस्यहरुको नाम,थर | नाता | नागरिकतामा उल्लेख भएको जन्म मिति | निजको पेन्सन पट्टामा उल्लेख भएको परिवारको सदस्यहरुको जन्म मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्याम बहादुर राना | SHYAM BAHADUR RANA | पेन्सनर | २०१५/०२/१९<br>AD 1958-06-01 | AD 1958-04-22 | एउटै व्यक्ति |
| २ | माया देवी राना | MAYA KUMARI RANA | श्रीमती | २०१७/०४/०३<br>AD 1960-07-18 | AD 1960-09-10 | एउटै व्यक्ति |

**माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि. बाट कर्जा लिई चुक्ता गर्न नआउने सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !!!**

**सूचना प्रकाशित मिति २०८३/०६/१७**

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यहरुले संस्थाबाट विविध कर्जा शिर्षकमा लिनु भएको कर्जाको भाखा नाघिसकेको तथा बारम्वार मौखिक, फोन, एंव लिखित तार ताकेता गर्दा पनि कर्जा चुक्ता नगरी ऋण कर्जा सम्वन्धी शर्त वन्देज उलंघन गर्नुभएको हुनाले यो सुचना प्रकाशित गरिएको छ। तसर्थ यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थाको संपर्कमा आई संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण सावाँ, ब्याज, हर्जना तथा अन्य नियम अनुसार लाग्ने दस्तुर समेत बुझाउनुहुन अनुरोध गरिन्छ। यदि सो मिति भित्रमा उपस्थित भई चुक्ता गर्नु पर्ने सम्पुर्ण रकम चुक्ता नगरे यस संस्थाको कर्जा निति, विनियम तथा सहकारी ऐन नियमले दिएको अधिकार प्रयोग गरी ऋण असुली प्रकृया अगाडी बढाईने जानकारी ऋणी, जमानीकर्ता तथा अन्य सरोकार वालालाई समेत यसै सार्वजनिक सुचना मार्फत जानकारी गराईन्छ।

| क्र.स. | ऋणीको नाम र ठेगाना | ऋणीको फोटो |
|---|---|---|
| १ | धनपति बरालको नातिनी, श्याम प्रसाद बरालको छोरी, कास्की जिल्ला, पोखरा लेखनाथ गा.पा., वडा नं. ८ बस्ने वर्ष ४७ को **शान्ति बराल।** (ना.प्र.प.नं ५४३५१, जारी मिति २०५४/०३/२३, जि.प्र.का. कास्की) **धनजमानी कर्ता** **चन्द्र कान्त पण्डित** |  |
| २ | हस्त बहादुर बस्नेतको नाति, रत्न बहादुर बस्नेतको छोरा, झापा जिल्ला, शिवसताक्षी गा.पा., वडा नं. २ बस्ने वर्ष ५१ को **सपन कुमार बस्नेत।** (ना.प्र.प.नं. ९७७३१७६८५, जारी मिति २०५१/१२/०५, जि.प्र.का. झापा) **धनजमानीकर्ता** **निर्मला बुढाथोकी** |  |
| ३ | हस्त बहादुर बस्नेतको नाति रत्न बहादुर बस्नेतको छोरा, झापा जिल्ला, शिवसताक्षी गा.पा., वडा नं. २ बस्ने वर्ष ५३ को **किरण कुमार बस्नेत** (ना.प्र.प.नं. ९७७३१७६२५, जारी मिति २०५१/१०/१५, जि.प्र.का. झापा) **धनजमानीकर्ता** **सरस्वती बराल** |  |
| ४ | जोगीलाल जोशीको नाति, जयनारायण जोशीको छोरा, बझांग जिल्ला, जयपृथ्वी गा.पा., वडा नं. २ बस्ने वर्ष ३९ को **पुष्पराज जोशी** (ना.प्र.प.नं. २०२५७,जारी मिति २०६०/०६/१४, जि.प्र.का.बझांग) **धनजमानीकर्ता** **गिता कुमारी कोइराला** |  |
| ५ | जोगिरी कोइराला को नातिनी लक्ष्मीकान्त कोइरालाको छोरी, बझांग जिल्ला, जय पृथ्वी गा.पा., वडा नं. ८ बस्ने वर्ष ३३ को **गीता कुमारी कोइराला** (ना.प्र.प.नं.७११०१३-१५६, जारी मिति २०६६/०६/२२, जि.प्र.का.बझांग) **धनजमानीकर्ता** **पुष्प राज जोशी** |  |

**माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि**
अनामनगर २९, काठमाडौँ, फोन नं. ०१४१६८०६५
Email : mountmission2064@gmail.com

# रमदा इन्कोर होटल र हिमालय बैंकबीच सम्झौता



**काठमाडौं/मस–** हिमालय बैंक लिमिटेड र रमदा इन्कोर ठमेल काठमाडौं होटलबीच हिमालय बैंकका ग्राहकलाई होटल तथा रेस्टुरेन्टका विभिन्न सेवामा विशेष छुट दिने सम्झौता भएको छ।

सम्झौताअनुसार हिमालय बैंकका ग्राहकले रमदा इन्कोरमा होटल तथा रेस्टुरेन्टका सेवा तथा सुविधामा विशेष छुट प्राप्त गर्नेछन्। साथै, होटलका विभिन्न सेवा सुविधा लिनका लागि ग्राहकलाई इएमआई सुविधासमेत उपलब्ध गराइनेछ। योजनाअन्तर्गत खाना तथा पेयपदार्थ र स्पा सेवामा १५ प्रतिशतदेखि २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।

सम्झौतामा रमदा इन्कोर ठमेलको तर्फमा जनरल म्यानेजर महेश फुयाँल र फाइनान्स एक्जिक्युटिभ बिनेश बज्राचार्य तथा हिमालय बैंक लिमिटेडका तर्फबाट कार्ड एन्ड डिजिटल च्यानल बिजनेस डेभलपमेन्ट विभागका प्रमुख शैलेन्द्रमणि श्रेष्ठ र कार्ड एन्ड डिजिटल च्यानल बिजनेस डेभलपमेन्ट विभागका रिलेसनसिप म्यानेजर महेश महर्जनले हस्तारक्षर गरे। सम्झौतासँगै अब रमदा इन्कोर होटलमा वार्षिक रूपमा न्यूनतम १५ हजार रुपैयाँ खर्च गर्ने ग्राहकले जन्मदिनमा निःशुल्क केक प्राप्त गर्नेछन्। पारिवारिक जमघट तथा कार्यक्रमका लागि पनि केक र कर्केज शुल्क नलाग्ने व्यवस्था गरिएको छ।

त्यस्तै, रेस्टुरेन्टमा वार्षिक ५० हजार रुपैयाँ खर्च गर्ने हिमालय बैंकका ग्राहकले एक दिनको रुम निःशुल्क प्राप्त गर्ने सुविधा पाउनेछन्। ग्राहकलाई लक्षित गर्दै 'फ्यामिली डे आउट प्याकेज' र 'फ्यामिली स्टे प्याकेज'मा समेत विशेष छुटको व्यवस्था गरिएको छ। सम्झौताले होटल र बैंकको एक-अर्कामा व्यवसाय प्रवर्द्धन तथा वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**साइप्रसमा रोजगार** कम्पनी: Jo Recruiting Agency Ltd-Lic.No.590 शहर: Cyprus,Paphos
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ चलानी नं.: ६०२६२०४५ LT. No.: 348902

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Mechanic | 1 | 0 | स. काममा दक्ष | 700 | १२१३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Caregiver (Female) | 0 | 1 | | 500 | ८६६५५ | | | | | | | |
| 3. | Cooks | 3 | 0 | | 800 | १३८६४८ | | | | | | | |
| 4. | DRIVERS | 1 | 0 | | 700 | १२१३१७ | | | | | | | |
| 5. | electrician | 1 | 0 | | 700 | १२१३१७ | | | | | | | |
| 6. | General Helper | 1 | 0 | | 600 | १०३९८६ | | | | | | | |
| 7. | House Maid | 0 | 2 | | 500 | ८६६५५ | | | | | | | |
| 8. | kitchen helper | 3 | 0 | | 700 | १२१३१७ | | | | | | | |
| 9. | MASON | 1 | 0 | | 800 | १३८६४८ | | | | | | | |
| 10. | Nanny | 0 | 1 | | 500 | ८६६५५ | | | | | | | |
| 11. | Plumbers | 1 | 0 | | 700 | १२१३१७ | | | | | | | |
| 12. | waiter | 3 | 0 | | 700 | १२१३१७ | | | | | | | |
| 13. | WELDER | 1 | 0 | | 700 | १२१३१७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २४ गते (10 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AASTHA International Employment Pvt. Ltd.
आस्था ईनटरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
Samakhusi-26, Kathmandu, Nepal
Contact No.: 01 4557947, 9802358233
E-mail: aasthamanpower@gmail.com
Web: www.asthamanpower.com
Goverment LIC No: 718/064/65
Contact No : 985-1361344, 9803159787, 9818174840

**कुवेतमा रोजगार** कम्पनी: JAWHARAT ALADDIN JUICE AND BEVERAGE COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०७/१९ चलानी नं.: ६०२४६९७१ L.T. No.: 333346 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Helper | 4 | 3 | स. काममा दक्ष | 90 | ४४,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ELETER COMPANY FOR GENERAL CLEANING SERVICES FORBUILDINGS शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ चलानी नं.: ६०२६२०३१ L.T. No.: 348844

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 11 | 21 | स. काममा दक्ष | 90 | ४४,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MARINA HOTEL KUWAIT. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०६/१५ चलानी नं.: ६०२६२०४८ L.T. No.: 348843

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 14 | 2 | सम्बन्धित काममा दक्ष | 135 | ६७,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/waitress | 10 | 12 | | 130 | ६४,९२९ | | | | | | | |
| 3. | Housekeeping | 7 | 16 | | 120 | ५९,९३५ | | | | | | | |
| 4. | Steward | 18 | 0 | | 110 | ५४,९४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २४ गते (10 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHARON MANPOWER SERVICES PVT.LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901, Basant Rana : 9801026390
Govt Lic. No.: 647/063/064

**युएईमा रोजगार** कम्पनी: EXPLORER FOR EMPLOYMENT SERVICES LLC शहर:UAE
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ चलानी नं.: ६०२६२०२६ LT. No.:348916

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONCRETE MASON | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Steel Fixer | 50 | 0 | | 1500 | ६२८२० | | | | | | | |
| 3. | Laborer/Building Worker | 50 | 0 | | 1200 | ५०२५६ | | | | | | | |
| 4. | Carpenter | 50 | 0 | | 1500 | ६२८२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ असोज २४ गते (10 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Paramount Employment Consultant Pvt. Ltd.
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052, 980-8306843
Email: admin@paramount-consultant.com., Web: www.paramountconsultant.com
Govt. Lic No.:417/060/061

**साउदीमा रोजगार** कम्पनी: ASHYAD AL JAZEERA COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ चलानी नं.: ६०२६१९८९ L.T. No.: 348898

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Power Lines High-Pressure Labour | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ४०९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | building demolition worker | 3 | 0 | | 1000 | ४०९६० | | | | | | | |

कम्पनी: TEXTILES AND READY-MADE GARMENTS COMPANY LIMITED शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ चलानी नं.: ६०२६१९८७ L.T. No.: 348899

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ४०९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २४ र २५ गते (10 & 11 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

FAZAL INTERNATIONAL PVT. LTD.
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210
Mobile No: +977 970-6931956 (Lachhiram Dhungana)
Gov. Lic. No. 709/064/065

मध्यान्ह
www.madhyanhadaiy.com
गा.हु.का.द.नं. ३३/०६२/०६०
१७ असोज २०८३ शनिबार
3 October 2026 Saturday

## दयाहाङ भन्छन्–
# स्टारडमभन्दा कथा बलियो



**काठमाडौं/मस–** अभिनेता दयाहाङ राईले फिल्म सफलताको मुख्य आधार कलाकारको स्टारडम नभई कथा हुने बताएका छन् । उनका अनुसार दर्शकलाई हलसम्म ल्याउने सबैभन्दा ठुलो शक्ति फिल्मको कथा नै हो ।

शुक्रबार काठमाडौंमा आयोजित 'पेन्सन पट्टा' टिमको 'मिट एन्ड ग्रिट' कार्यक्रममा बोल्दै राईले भने, 'कथाले नै कलाकारलाई स्टार बनाउँछ । कथा बलियो भयो भने फिल्म चल्छ, स्टारडमले त केवल केही हदसम्म साथ दिने हो ।'

उनले 'पेन्सन पट्टा'को सफलतासँग पनि कथा र प्रस्तुतिको ठुलो भूमिका रहेको उल्लेख गर्दै दर्शकको साथ पाउनुमा सामग्रीको गुणस्तर निर्णायक हुने धारणा राखे ।

निर्देशक तथा अभिनेता माओत्से गुरुङको फिल्म 'पेन्सन पट्टा' प्रदर्शनको चौथो हप्तामा प्रवेश गर्दा पनि दर्शकको आकर्षण कायम देखिएको छ । नयाँ फिल्महरू लगातार रिलिज भइरहँदा पनि यस फिल्मले आफ्नो सो र दर्शक उपस्थिति उल्लेख्य रूपमा जोगाइरहेको निर्माण पक्षको दाबी छ ।

निर्माण टिमका अनुसार फिल्मले हालसम्म करिब ८ करोड ५० लाख रुपैयाँ ग्रस कलेक्सन गरिसकेको छ । चौथो हप्ताको पहिलो दिन शुक्रबार मात्रै फिल्मले खल्ती एपमा ९२ सो प्राप्त गरेको बताइएको छ ।

निर्माण पक्षले नयाँ रिलिज भएका फिल्महरूको तुलनामा 'पेन्सन पट्टा'ले करिब तीन गुणासम्म बढी सो पाउनु नेपाली फिल्म बजारका लागि उल्लेखनीय उपलब्धि भएको जनाएको छ ।

कार्यक्रममा निर्देशक माओत्से गुरुङले फिल्मको सफलताले आफ्नो टिमको मिहिनेतलाई प्रमाणित गरेको बताए । उनका अनुसार कठिन परिश्रमका साथ निर्माण गरिएको फिल्मलाई दर्शकले दिएको साथले आफूहरू थप उत्साहित भएका छन् ।

'दुःख गरेर बनाएको फिल्म दर्शकले हेर्छन् भन्ने कुरा 'पेन्सन पट्टा'ले प्रमाणित गरेको छ,' उनले भने ।

गुरुङले चौथो हप्तासम्म पनि दर्शकको निरन्तर साथ पाउनु निर्माण टिमका लागि ठुलो उपलब्धि भएको उल्लेख गरे ।

फिल्म चौथो हप्तामा प्रवेश गरेको अवसरमा 'पेन्सन पट्टा'को सम्पूर्ण टिम काठमाडौंको मण्डला थिएटरमा भेला भई पत्रकारसँग अन्तरक्रिया गरेको हो । कार्यक्रममा कलाकार तथा निर्माण पक्षले फिल्मको यात्रा, दर्शक प्रतिक्रिया र निर्माण अनुभवबारे खुलेर कुराकानी गरेका थिए ।

रिलिजपछि पहिलोपटक सम्पूर्ण टिम एकै ठाउँमा भेला भएर गरिएको यो औपचारिक भेटघाट कार्यक्रम भएको निर्माण पक्षले जनाएको छ ।

भदौ २६ गतेदेखि प्रदर्शनमा आएको 'पेन्सन पट्टा'ले सुरुवातदेखि नै सकारात्मक प्रतिक्रिया पाउँदै आएको छ । दोस्रो र तेस्रो हप्तामा पनि बलियो सो कायम राखेको फिल्मले चौथो हप्तामा पनि उस्तै गति कायम राख्ने संकेत देखिएको छ ।

निर्माण पक्षका अनुसार शुक्रबार प्राप्त ९२ सोले फिल्मको प्रदर्शन यात्रा अझै केही समय मजबुत रूपमा अघि बढ्ने संकेत दिएको छ ।

# गायिका ईश्वरी बराललाई यमन ग्लोबल म्युजिक अवार्ड




**काठमाडौं/मस–** गायिका ईश्वरी बराल यमन ग्लोबल म्युजिक अवार्ड २०८३ कि बिजेता बनेकी छन् । बराल अवार्डको उत्कृष्ट पाँचमा पर्दै विजेता बन्न सफल भएकी हुन् । उनको चर्चित गीत 'खानदानी छोरी'ले अवार्ड प्राप्त गरेको हो ।

गायन र नृत्यसँगै लामो समयदेखि पत्रकारिता क्षेत्रमा पनि सक्रिय बरालका 'खानदानी छोरी', 'नरिसाउन होइ', 'माया छ कि छैन', 'दही दिन्छु मही दिन्छु'लगायत गीत चर्चामा छन् । निरन्तरको मिहिनेत र सक्रियताका कारण बरालले गायन क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएकी छन् ।

यमन ग्लोबल म्युजिक अवार्ड २०८३ को सफलताले कलाकारिता यात्रामा थप उत्साह र नयाँ अवसरको बाटो खुलेको भन्दै गायिका बराल उत्साहित छिन् ।

यमन इन्टरटेन्मेन्ट प्रालिको आयोजनामा गत शनिबार काठमाडौंको नयाँबानेश्वरस्थित आइएनआई सिनेमाहलमा आयोजित यमन ग्लोबल म्युजिक अवार्ड-२०८३ मा विभिन्न विधामा योगदान पुऱ्याउने स्रष्टा तथा कलाकारलाई सम्मान र पुरस्कार प्रदान गरिएको थियो ।

सम्बाहाम्फे प्रपर्टी डेभलपर्स प्रा.लि.का अध्यक्ष पूर्णबहादुर सम्बाहाम्फेको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा सुश्मा प्रोडक्सन ग्लोबल, सिक्किमकी सञ्चालक सुश्मा गुरुङ विशेष अतिथिका रूपमा सहभागी थिइन् ।

समारोहमा वरिष्ठ गायिका तारा थापालाई 'दीर्घसाधना सम्मान' प्रदान गरिएको थियो । लामो समयदेखि नेपाली गीत-संगीत क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै थापालाई उक्त सम्मान प्रदान गरिएको कार्यक्रम संयोजक तारावीर पाण्डेले बताए । यस्तै, महाकाव्यकार खेमनाथ दाहाललाई 'महाकाव्य साधना सम्मान' प्रदान गरिएको थियो ।

कार्यक्रममा वरिष्ठ गीतकार अम्बिका गुरुङ, गायिका मिलन नेवार, राजनराज सिवाकोटी, फुर्बा खाण्डु गुरुङ, प्रेमचन्द्र गुरुङ, रिकि लेप्चा, सविना भण्डारी, खिमानन्द आचार्य, शीतल कात्मविनी, शिव पराजुली, सुशील नेपाल, तुलसी बास्कोटा, शर्मिला गौतम र सोमराज तामाङलगायतलाई विशेष सम्मान गरिएको थियो ।

# गजल, संगीत, चित्रकला र नाट्यकलाको संगम बन्यो 'मोती–लय'



**काठमाडौं/मस–** नेपाल प्रज्ञाप्रतिष्ठानले शुक्रबार आयोजना गरेको 'मोती-लय' भव्यताका साथ सम्पन्न भएको छ । १६१औं मोतीजयन्तीका अवसरमा प्रतिष्ठानको मुख्य प्रेक्षालयमा भएको कार्यक्रममा विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको संगीतमा जलजला परियारले मोतीराम भट्टको गजल गाएकी थिइन् भने नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका ११ चित्रकारका मोतीराममाथिका प्रत्यक्ष चित्रकला, शिल्पी थिएटरका कलाकारद्वारा मोतीरामको जीवनी र गजलमा अभिनय प्रस्तुत गरिएको थियो । गायनमा तबलामा शम्भु श्रेष्ठ, गितारमा राजकुमार समाल र बाँसुरीमा निर्मल सिंहले साथ दिएका थिए ।

यसरी नै कार्यक्रममा सातै प्रदेशबाट ३-३ जनाका दरले २१ जना नयाँ पुस्ताका गजलकारले विभिन्न राष्ट्रिय भाषामा समेत गजल वाचन गरेका थिए भने करिब एक दर्जन अग्रज गजलकारले पनि गजल वाचन गरेका थिए । कार्यक्रमलाई मूल आयोजक समिति सदस्यहरू बाबु त्रिपाठी, संगीता थापा, रूपक अलंकार र प्रज्वल अधिकारीले सहजीकरण गरेका थिए ।

कार्यक्रममा गजल अभियन्ता तथा 'मोती-लय' मूल आयोजक समिति सदस्य घनेन्द्र ओझाले राज्यको आधिकारिक निकाय त्रिभुवन विश्वविद्यालयले धेरै पहिला गजललाई स्वीकार गरी अपनत्व लिइसकेकामा अहिले नेपाल प्रज्ञाप्रतिष्ठानले पनि मोतीजयन्तीलाई 'राष्ट्रिय गजल दिवस'का रूपमा मनाउने निर्णय गरेकामा धन्यवाद दिए । ओझाले मोतीराम आदिगजलकार मात्र नभएर आदिप्रकाशक, आदिसम्पादक, आदिजीवनीकार, आदिसमालोचक, चित्रकार, संगीतकार/गायकसमेत रहेका बताउँदै उनको सम्मानमा उनका रुचिका मुख्य ४ विधा नाटक, चित्रकला, संगीत र गजलवाचनको कार्यक्रमले गजल, संगीत, चित्रकला र नाट्यकलाको संगम अभूतपूर्व भएको सुनाए । यसबाट मोतीरामको वास्तविक सम्मान भएको ओझाको भनाइ थियो । ओझाले नयाँ परिषद् गठनलगत्तै आफूले कुलपतिलगायत परिषद् सदस्यहरूसँग 'राष्ट्रिय गजल दिवस' घोषणाका लागि अनुरोध गरेको स्मरण पनि गराए ।

कार्यक्रम संयोजक तथा काव्य, संस्कृति एवं डिजिटलाइजेसन विभाग प्रमुख दीपक सापकोटाले नेपाली साहित्यको मूलधारको विधाका रूपमा स्थापित गजलको विकासका लागि र मोतीरामको सम्मानका लागि कुशे औंसीलाई 'राष्ट्रिय गजल दिवस'का रूपमा मनाउने निर्णय गरिएको बताए । सापकोटाले आगामी वर्षदेखि हरेक मोतीजयन्तीमा गजल महोत्सव आयोजना गर्ने पनि बताए । उनले मन्त्रिपरिषद्बाट राष्ट्रिय गजल दिवस औपचारिक रूपमा निर्णय गराउने प्रतिबद्धता पनि जनाए ।

कार्यक्रमका सहसंयोजक दलित, युवा एवं डिजिटलाइजेसन विभाग प्रमुख नवीन अभिलाषीले अब नेपाली गजलले व्यापकतासँगै आधिकारिक सम्मान पनि पाएको भन्दै सबैमा आभार प्रकट गरे ।

कुलपति कुमार नगरकोटीले अभियन्ता घनेन्द्र ओझासँगको संवाद उल्लेख गर्दै अब प्रतिष्ठानले नेपाली गजलको प्रवर्धनमा विशेष ध्यान दिएको बताए भने सचिव डा. रोशन शेरचनले वार्षिक कार्ययोजनामै राष्ट्रिय गजल दिवसका लागि उल्लेख गरेर हरेक वर्ष गजल महोत्सव गर्ने उल्लेख गरे ।

आदिगजलकार मोतीराम भट्टको जन्मजयन्ती (कुशे औंसी) लाई 'राष्ट्रिय गजल दिवस'का रूपमा मनाउने निर्णय नेपाल प्रज्ञाप्रतिष्ठानको गत साउन २८ को पहिलो बैठकले गरेको थियो । उक्त निर्णयअनुसार २६ भदौमा आयोजना गर्ने भनिएको 'मोती-लय' भोटेकोसी बाढीका कारण १६ असोजका लागि सरेको थियो ।

# चलचित्र '१२ गाउँ २'को गीत 'लालीगुराँस' सार्वजनिक



**काठमाडौं/मस–** वर्षकै प्रतिक्षित मध्येको एक चलचित्र '१२ गाउँ २' को गीत 'लालीगुराँस' सार्वजनिक भएको छ । शुक्रबार सार्वजनिक गरिएको गीतमा शिव परियार र सारोही कुमारको स्वर छ । गीतमा शब्द र संगीत युग भुसालको रहेको छ । प्रेमिल गीतले प्रकृतिलाई बिम्व बनाए एकअर्काप्रतिको समपर्ण प्रस्तुत गरेको छ । युवक र युवतीले एक अर्कालाई चाहेपछिको समपर्ण गीतमा समेटिएको छ । प्रेमको बन्धनमा परेपछिको मायालु जोडीले गर्ने अनुभव र कल्पना गीतमा उल्लेख छ । मायालुको सम्झनामा नाम नै जीवन ज्यूनका लागि काफी हुने आदर्श समेत गीतले समेटेको छ ।

गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार समीर भट्ट र कृशु शाहीको नृत्य छ । कोरियोग्राफी रामजी लामिछानेको छ । विराज भट्टको निर्देशन रहेको '१२ गाउँ २' असोज ३० गते फूलपातीका दिनबाट प्रदर्शनमा आउँदैछ ।

सिनेमामा समीर र कृशुसहित निर्देशक बिराज भट्ट, अनुपविक्रम शाही, प्रकाश शाह, सुनील पोखरेल, कालु राना, खुसी कार्की, पुष्कर भट्ट, राज हमाल, प्रजल दुलाल, कमल देवकोटा, साहित सिंह ठकुरी, अर्जुन आचार्य, शिवा सिंह, नेहा आर शाह, पूर्णबहादुर गन्धर्व र सुदीर श्रेष्ठलगायत कलाकारको अभिनय रहेको छ । यसै सिनेमाबाट कृशु शाही र वर्षा इटनीले नेपाली रजतपटमा डेब्यु गरेका छन् । विराज भट्ट फिल्म प्रोडक्सन प्रालिको प्रस्तुति रहेको सिनेमाको कथा सन्तोष सरकारले लेखेका छन् । छायांकन महेश पौडेलले गरेका छन् ।

# चलचित्र दिवसमा 'आमा'को सम्झना




**काठमाडौं/मस–** राष्ट्रिय चलचित्र दिवसको अवसर पारेर नेपाल चलचित्र कलाकार संघले नेपाली चलचित्र इतिहासको पहिलो चलचित्र 'आमा'लाई केन्द्रमा राख्दै विशेष कार्यक्रम आयोजना गरेको छ । बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा नेपाली चलचित्रको पहिलो पुस्ताका कलाकार तथा 'आमा' चलचित्रका तीन अग्रणी नायिका भुवन चन्द थापा, चैत्यदेवी सिंह र वसुन्धरा भुसालको विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेपाली चलचित्रको इतिहास, त्यसको प्रारम्भिक चरणमा कलाकारले निर्वाह गरेको भूमिका तथा चलचित्रका गीत-संगीतको योगदानबारे चर्चा गरिएको थियो । सोही अवसरमा विमल भौकाजीको सम्पादनमा प्रकाशित 'शारदा' पत्रिकामा समेटिएका नेपाली चलचित्रका गीतसम्बन्धी सामग्रीको विमोचनसमेत गरिएको थियो ।

नेपाल चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसीको सभापतित्वमा सम्पन्न कार्यक्रममा 'आमा' चलचित्रका तीन अग्रणी नायिकालाई विशेष सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथिका रूपमा समेत उहाँहरूलाई सम्मानपूर्वक सहभागी गराइएको थियो । संघका महासचिव सुनिल कटुवालले स्वागत मन्तव्य राखेको कार्यक्रममा तीनैजना अग्रज कलाकार तथा सभापति उत्तम केसीले संयुक्त रूपमा दीप प्रज्वलन गरेका थिए ।

कार्यक्रममा नेपाल चलचित्रको पहिलो पुस्ताका कलाकार तथा चलचित्रकर्मीको योगदानको स्मरण गर्दै भुवन चन्द थापा, चैत्यदेवी सिंह र वसुन्धरा भुसाललाई नेपाल चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसी र महासचिव सुनिल कटुवालले खादा, माला तथा दोसल्ला ओढाएर सम्मान गरेका थिए । सो अवसरमा 'शारदा' पत्रिकाका सम्पादक विमल भौकाजीलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रमको अर्को महत्वपूर्ण पक्षका रूपमा 'शारदा' पत्रिकाको विमोचन गरिएको थियो । विमल भौकाजीको सम्पादनमा प्रकाशित उक्त सामग्रीमा नेपाली चलचित्रका गीत तथा गीत-संगीतसँग सम्बन्धित विषयवस्तुलाई समेटिएको छ । चलचित्रका गीतले नेपाली चलचित्रको विकासक्रममा पुऱ्याएको योगदान तथा पुराना गीत-संगीतको संरक्षणको आवश्यकताबारे कार्यक्रममा चर्चा गरिएको थियो ।

कार्यक्रममा कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ, विशिष्ठ कलाकार लय संग्रौला, संघका पूर्व अध्यक्ष तथा परिवर्तन नेपालका अध्यक्ष मोहन निरौला, चलचित्र संघका कार्यवाहक अध्यक्ष गोपालकाजी कायस्थ, विमल भौकाजी, लव प्याकुरेल लगायतले राष्ट्रिय चलचित्र दिवस, नेपाली चलचित्रको इतिहास तथा 'आमा' चलचित्रसँग सम्बन्धित विभिन्न विषयमा आ-अफ्ना धारणा राखेका थिए । वक्ताहरूले नेपाली चलचित्रको प्रारम्भिक यात्रालाई स्मरण गर्दै पहिलो पुस्ताका कलाकार तथा प्राविधिकले सीमित स्रोतसाधनका बाबजुद चलचित्र क्षेत्रको विकासका लागि गरेको योगदानको चर्चा गरेका थिए ।

विशेषगरी 'आमा' चलचित्र नेपाली चलचित्रको इतिहासमा महत्वपूर्ण आधारका रूपमा रहेको उल्लेख गर्दै वक्ताहरूले यससँग जोडिएका कलाकार तथा सिर्जनाकर्मीको योगदानलाई नयाँ पुस्ताले समेत सम्झनुपर्नेमा जोड दिएका थिए । चलचित्रका गीत-संगीत नेपाली समाज र संस्कृतिको अभिन्न हिस्सा बनेको उल्लेख गर्दै पुराना चलचित्रका गीत, संगीत र सिर्जनालाई अभिलेखीकरण तथा संरक्षण गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको थियो ।

कार्यक्रममा 'आमा' चलचित्रकी अग्रणी नायिका वसुन्धरा भुसालले नेपाली चलचित्रको प्रारम्भिक समयको अनुभव स्मरण गर्दै चलचित्र क्षेत्रमा आफूहरूले भोगेका संघर्ष र अनुभवबारे धारणा राखेकी थिइन् । त्यसैगरी, संघका अध्यक्ष उत्तम केसीले अग्रज कलाकारको सम्मान र नेपाली चलचित्रको इतिहास संरक्षण गर्न कलाकार संघले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा नेपाली चलचित्र क्षेत्रका विभिन्न कलाकार, निर्माता, निर्देशक, संगीतकर्मी तथा चलचित्रकर्मीको उल्लेख्य सहभागिता थियो । कार्यक्रममा मनोज आचार्य, पुजना प्रधान गुरुङ, लव्ली संगम राई, पुकार भट्टराई, अन्जु रञ्जित, माडिक रत्न, दीपेन्द्र तिमिल्सिना, उत्सव केसी, सुपा खनाल, देवेन्द्र पाण्डे, नीरज खुलाल, राज टाइगर, अमर वली, जीवन थापा, गीता अधिकारी, सानु श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

नेपाली चलचित्रको इतिहासलाई सम्झने तथा अग्रज कलाकारको योगदानलाई सम्मान गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमले राष्ट्रिय चलचित्र दिवसलाई नेपाली चलचित्रको विगत, वर्तमान र भविष्यसँग जोड्ने अवसरका रूपमा प्रस्तुत गरेको थियो । विशेषगरी नेपाली चलचित्रको प्रारम्भिक चरणकी तीन अग्रणी नायिका एकै ठाउँमा उपस्थित हुनुले कार्यक्रमलाई थप विशेष बनाएको अध्यक्ष केसीको भनाइ थियो ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**